# २०७२ भाद्र ३ र ४ गते आयोजित आर्थिक बर्ष २०७१।०७२ को
# जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा गोष्ठीको
# प्रतिवेदन

## १. परिचय

लमजुङ जिल्लामा हाल ५२ गाविस र २ वटा नगरपालिका रहेका छन् भने विभिन्न विषयगत कार्यालयहरु पनि कार्यरत रहेका छन् । साथै दुई दर्जन जति गैरसरकारी संस्थाहरुले यस जिल्लामा दातृ निकायहरुको सहयोगमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिराखेको पाइन्छ । कार्यरत सवै विषयगत कार्यालयहरु र गैससहरुको समन्वय गर्ने जिम्मेवारी जिल्ला विकास समितिको हो । स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ को उपदफा २ मा बार्षिक जिल्ला विकास योजनाको समीक्षा गर्ने सम्वन्धमा आवश्यक व्यवस्था भएको पाइन्छ । उक्त समीक्षा बैठकमा सरकारी, गैर सरकारी र दातृ संस्थाका प्रतिनिधिहरु समेतलाई आमन्त्रण गरी आ-आफ्नो क्षेत्रबाट जिल्लामा सञ्चालित कार्यक्रमहरुको प्रगति समीक्षा गर्ने भन्ने छ ।

समीक्षा बैठकबाट प्राप्त सुझाव सहितको प्रतिवेदन आयोजना सञ्चालन गर्ने निकायहरुमा पठाउने र उक्त प्रतिवेदन जिल्ला परिषदको नियमित बैठकमा प्रस्तुत गर्ने प्रावधान समेत सो दफामा उल्लेख भएको छ । यसै गरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०२ (४) मा बार्षिक समीक्षा गर्दा आयोजना सुपरीवेक्षण तथा अनुगमन उपसमितिले विभिन्न समयमा अनुगमन तथा सुपरीवेक्षण गर्दाका वखत तयार गरेका प्रतिवेदनमा उल्लेख भएका कुराहरुलाई समेत विचार गर्नु पर्ने व्यवस्था छ । साथै आयोजना तथा कार्यक्रममा देखिएका कमी कमजोरी हटाउन उपभोक्ता समिति, संघसंस्था, व्यक्तिलाई आवश्यक निर्देशन दिनसक्ने प्रावधान छ । यसै गरी स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थपन कार्यविधि २०६९ को बुँदा नं ३६ मा प्रगति प्रतिवेदन तथा समीक्षा सम्वन्धी विषयहरु उल्लेख भएको पाइन्छ ।

जिल्लाको समग्र विकासको लागि स्थानीय समुदायका अतिरिक्त स्थानीय निकायहरु (जिविस, नगरपालिका र गाविसहरु) सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र नीजिक्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ । यसै सन्दर्भमा विगतदेखि नै जिल्ला विकास समितिको आयोजना र समन्वयमा जिल्लास्थित सरकारी कार्यालय, अगैसस, अन्य संघसंस्थाहरुको विचमा चौमासिक तथा बार्षिक समीक्षा गोष्ठीहरु सञ्चालन हुँदै आएका छन् । जिल्लामा कार्यरत विषयगत कार्यालयहरु तथा अ/गैरसरकारी संस्थाहरुले गत आर्थिक वर्षमा के कस्ता कार्यक्रमहरु सम्पन्न गरे, आर्थिक र भौतिक प्रगती के कस्तो रह्यो? खास उपलब्धी र प्रतिफल के निस्कियो? कार्यक्रम सञ्चालन गर्दा के कस्ता समस्या एवं चुनौतीहरु आइपरे? के कस्ता सिकाईहरु रहे? आगामी दिनमा कसरी सुधार ल्याउन सकिन्छ? आदिजस्ता सवालहरुमा अन्तरक्रिया गर्ने र सुझावहरु संकलन गर्ने उद्देश्यले बार्षिकरुपमा जिल्लास्तरीय बार्षिक समीक्षा गोष्ठीको आयोजना गरिँदै आइएको छ । यसै सिलसिलामा आर्थिक बर्ष २०७१/०७२ मा जिल्लास्थित सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुले जिल्लामा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुबारे समीक्षा गर्न जिल्ला विकास समिति लमजुङले सरोकारवालाहरुको बीचमा मिति २०७२ भाद्र ३ र ४ गते जिल्लास्तरीय बार्षिक प्रगति समीक्षा गोष्ठीको आयोजना गरेको थियो । उक्त समीक्षा गोष्ठीमा प्रस्तुत भएका प्रगति विवरण, हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु, कार्यालय, गैसस तथा संघसंस्थाहरुबाट प्रस्तुत भएका प्रगति विवरण सम्बन्धमा सहभागीहरुले राखेका जिज्ञासा, प्रतिक्रिया तथा सुझाव र निश्कर्षहरु अभिलेखिकरण तथा सार्वजनिक गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

## २. समीक्षा गोष्ठीको उद्देश्य

जिल्लामा विकास कार्यक्रम गर्ने जिल्ला विकास समिति, विषयगत कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र अन्य संघसंस्थाहरुबाट आर्थिक बर्ष २०७१/०७२ मा सञ्चालन गरिएका योजना तथा कार्यक्रमहरुबाट के कस्तो प्रगति हासिल गरियो समीक्षा गर्नु यसको मुख्य उद्देश्य रहेको थियो । यस गोष्ठीका विस्तृत उद्देश्यहरु निम्न वमोजिम रहेका थिए ।

- सरकारी कार्यालय तथा गैरसरकारी संस्थाहरुले आ.व.२०७१/०७२ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको प्रगती विवरण प्रस्तुत गरी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- आव २०७१।०७२ को भौतिक तथा वित्तिय प्रगति विवरणहरु प्रस्तुत गर्ने ।
- कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धी तथा प्रतिफलको बारेमा लेखाजोखा गर्ने ।
- योजना तथा कार्यक्रम सञ्चालनको सन्दर्भमा आई परेका समस्या तथा चुनौतीहरुबारे छलफल गर्ने ।
- सुझावहरु संकलन गरी आगामी दिनमा अझ बढी प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गर्न मद्दत पुर्‍याउने ।
- भएका कमीकमजोरीहरु पहिल्याई आगामी दिनमा सुधारहरु गर्न मार्गनिर्देश गर्ने ।

## ३. समीक्षा गोष्ठीको मिति, समय र स्थानः

यस समीक्षा गोष्ठीको अवधी दुई दिनको रहेको थियो । समीक्षा गोष्ठी २०७२ भाद्र ३ र ४ गते बेसीशहर ठाडोलाइनस्थित प्रगतिटोल तमु समाजको भवनमा सञ्चालन गरिएको थियो । गोष्ठीको पहिलो दिन विहान ११.०० बजेबाट बेलुका ६.१५ सम्म र दोश्रो दिन विहान १०.१५ बजेबाट बेलुका ७.३० बजेसम्म सञ्चालन भएको थियो ।

## ४. सहभागिता :

यस समीक्षा गोष्ठीमा जिल्लाका माननीय सभासद्ज्यूहरु, प्रमुख जिल्ला अधिकारी, जिल्लाका राजनीतिक दलका प्रमुखहरु तथा समावेशी प्रतिनिधित्वका आधारमा अन्य प्रतिनिधिहरु, जिल्लाका सरकारी कार्यालयका प्रमुखहरु, जिल्लामा कार्यरत आ।गैससका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, गाविस सचिवहरु, रेडीयोकर्मी तथा पत्रकारहरु गरी पहिलो दिन २०८ जना र दोश्रो दिन १७५ जनाको उपस्थिति रहेको थियो । यस मध्ये लैंगिक विश्लेषण गरेर हेर्दा महिला सहभागीहरु पहिलो दिन ३८ जना (१८.२७ %) र दोश्रो दिन ३२ जना (१८.२९%) रहेको पाइयो । सहभागीहरुको उपस्थितिको छायाँप्रति अनुसूची ४ मा समावेश गरिएको छ ।

## ५. कार्यक्रम आरम्भ सत्र र व्यवस्थापन :

दुई दिनको गोष्ठीको अध्यक्षता स्थानीय विकास अधिकारी श्री विष्णुप्रसाद शर्माले गर्नु भएको थियो । कार्यक्रममा माननीय सभासदज्यूहरु तथा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, प्रजिअ लगायत सरकारी कार्यालयका प्रमुखहरु, अन्य गैसस तथा संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु सबैलाई आसन ग्रहण गराइएको थियो । तत्पश्चात स्थानीय विकास अधिकारी श्री विष्णुप्रसाद शर्माले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै गोष्ठीको उद्देश्य तथा दुई दिनको कार्यतालिका र सहभागीहरुको भूमिका बारेमा प्रकाश पार्नु भएको थियो ।

भनाई राख्ने क्रममा स्थानीय विकास अधिकारी श्री गौतमले "गत आवमा कार्यक्रम सञ्चालन गरेपश्चात के कस्ता उपलब्धी हासिल भए? के कस्ता समस्या तथा चुनौती रहे? छलफल गर्ने फोरम यही समीक्षा गोष्ठी हो । प्राप्त उपलब्धीहरुलाई आगामी दिनमा क्रमशः बढाउँदै लैजाने तथा समस्या र चुनौतीहरुलाई समाधान गर्दै जाने कोशिस गर्नु पर्दछ । समीक्षा गोष्ठीमा माननीय सभासदहरुको गरिमामय उपस्थिति छ । खासगरी जिल्लाको विकासको लागि के कसरी कार्य भई रहेका छन् तथा कसरी जान सकिन्छ भन्ने बारे माननीय सभासद्ज्यूहरुबाट हामीलाई प्राप्त हुने पृष्ठपोषणले आगामी दिनमा अघि बढ्न थप मद्धत पुर्‍याउने कुरामा कुनै शंका छैन । कार्यालय प्रमुखहरुलाई प्रस्तुतीकरण सकेपछि हलबाट नहिंड्न अनुरोध छ ।" भन्ने भनाई राख्नु भयो । उक्त मन्तव्य पश्चात् क्रमशः विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरण कार्य शुरु भएको थियो । प्रस्तुतीकरण र छलफलको लागि समय विभाजन गरिएको थियो ।

कार्यक्रममा आवश्यकता अनुसार आयोजक संस्थाबाट विभिन्न भूमिकामा कर्मचारीहरु खटाइएको थियो । कार्यक्रमको सहजीकरण योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री खिमबहादुर विकले गर्नु भएको थियो । त्यसै गरी गोष्ठीमा उठान भएका विषयबस्तुको टिपोट गर्ने कार्य कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल र मनहरी सोतीबाट भएको थियो । प्रस्तुतीकरणमा ल्यापटप सञ्चालन कार्य लेखा अधिक्षक श्री सूर्यमान श्रेष्ठ र जिल्ला शासन विज्ञ श्री लोमश अधिकारीले गर्नु

भएको थियो । गोष्ठीमा पानी, चिया र खाजाको यथोचित प्रवन्ध मिलाइएको थियो र यस कार्यमा कार्यालय सहयोगीहरुले आवश्यकतानुसार सहयोग पुऱ्याएका थिए ।

## ६. प्रस्तुतीकरण विधि र सामाग्री :

गोष्ठीमा प्रस्तुतीकरण गर्ने कार्यालय तथा संघसंस्थाहरु मध्ये अधिकांश कार्यालय तथा संघसंस्थाहरुले श्रव्यदृश्य विधि प्रयोग गरी प्रोजेक्टरबाट प्रस्तुतीकरण गरेका थिए । सहभागीहरुमध्ये राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, लक्षित वर्गका प्रतिनिधिहरु, जिल्ला विकास समिति र केही निश्चित व्यक्तिहरुलाई प्रगती समीक्षा प्रस्तुत गर्ने कार्यालय तथा संघसंस्थाहरुले ह्याण्डआउट उपलब्ध गराएका थिए । प्राय: सवै कार्यालय तथा संघसंस्थाले सहभागीहरुलाई ह्याण्डआउट वितरण गरेका थिए ।

## ७. विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरण कार्यक्रम

स्थानीय विकास अधिकारीज्यूको मन्तव्य पश्चात प्रस्तुतीकण कार्यक्रमको शुरुवात भयो । समीक्षा गोष्ठीमा २२ वटा सरकारी कार्यालय तथा २४ वटा गैर सरकारी संस्थाहरु गरी जम्मा ४६ वटा कार्यालय तथा संघसंस्थाको प्रस्तुतीकरण कार्य भएको थियो । विगत दुई आवको प्रगति विवरण प्रस्तुत गर्दा सम्वन्धित विषयगत कार्यालयमार्फत गरिएकोमा यस वर्ष गैसस आफैले नै गरेका थिए । विषयगत कार्यालको प्रस्तुतीकरण कार्यमा खास गरी आव २०७१।७२ को भौतिक र वित्तिय प्रगति, सञ्चालन गरेका कार्यक्रमहरुको विस्तृत विवरणको साथसाथै हासिल गरेका प्रमुख उपलब्धीहरु, परेका समस्या र चुनौतीहरु समेत प्रस्तुत भएको थियो । कार्यालयहरुले हासिल गरेका महत्वपूर्ण उपलब्धीहरु, परेका समस्या तथा चुनौतीहरु र प्राप्त सुझाव तथा सहभागीहरुले राख्नु भएका जिज्ञासाहरु अनुसूची १ मा समावेश गरिएको छ । प्रस्तुतीकरण पश्चात सहभागीहरुबाट प्रतिक्रिया, जिज्ञासा तथा सुझावहरु राख्ने कार्य भएको थियो । यस सम्वन्धी कार्यालयगत विस्तृत विवरण अनुसूची ४ मा उल्लेख गरिएको छ ।

## ८.गोष्ठीको निश्कर्ष तथा निर्णयहरु

### निर्णय नं १

यस समीक्षा गोष्ठीमा देहायका विषयगत कार्यालय, गैसस तथा संघसंस्थाको आ.व. २०७१।०७२ को बार्षिक प्रगति विवरण प्रस्तुत भयो । साथै कार्यालय तथा संघसंस्थाहरुले प्रस्तुत गरेका प्रगति विवरणको आधारमा कुल बजेट, खर्च र वित्तिय प्रगति प्रतिशत देहाय वमोजिम रहेको निर्णय गरियो ।

**देहाय :**

**(बजेट रु.हजारमा)**

| क्र. सं. | कार्यालय/समिति | जम्मा बजेट | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | ५८९२४९ | ५२९१२२ | ९० | |
| २ | बेसीशहर नगरपालिका | ६८१४५ | ४१३९५ | ६१ | |
| ३ | सुन्दरबजार नगरपालिका | १७९०० | १४८२७ | ८३ | |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ४४१९१ | ४१९९३ | ९५ | |
| ५ | पश्चिमाञ्चल सिंचाई विकास डि. नं १ | ६२७०० | ३४३३० | ५५ | |
| ६ | शहरी विकास तथा भवन डिभिजन गोरखा | ३६००० | ३६८८३ | १०२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जिल्ला प्राविधिक कार्यालय | १२९६१ | १२६३२ | ९७ | |
| ८ | जिल्ला शिक्षा कार्यालय | ८२६४०१ | ७९४९१४ | ९६ | |
| ९ | जिल्ला जनस्वास्थ्य कार्यालय | ३८६०८ | ३०७३२ | ८० | |
| १० | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ४३७४ | ४२७१ | ९८ | |
| ११ | लमजुङ सामुदायिक अस्पताल | ६५३३५ | ६५४५७ | १०० | |
| १२ | ग्रामीण तालिम केन्द्र | १६३० | १३३५ | ८२ | |
| १३ | महिला तथा बालबालिका कार्यालय | १३४६४ | १२८४३ | ९५ | |
| १४ | जिल्ला कृषि विकास कार्यालय | ६११६१ | ५५४३९ | ९१ | |
| १५ | जिल्ला पशु सेवा कार्यालय | ३०३२७ | २७७८७ | ९२ | |
| १६ | घरेलु तथा साना उ.वि.समितिको कार्यालय | ६२७८ | ६०२१ | ९६ | |
| १७ | जिल्ला बन कार्यालय | ९९७० | ८१७८ | ८२ | |
| १८ | जिल्ला भू संरक्षण कार्यालय | १६२७१ | १३२३२ | ८१ | |
| १९ | नेपाल टेलिकम | | | | बजेट उल्लेख नभएको |
| २० | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | ८६९३ | ७९७६ | ९२ | |
| २१ | शान्ति समिति | १४१४ | १४१४ | १०० | |
| २२ | जिल्ला बाल कल्याण समिति | ११०८ | ११०८ | १०० | |
| २३ | सडक डिभिजन कार्यालय दमौली | | | | अनुपस्थित |
| २४ | नेपाल विद्युत प्राधिकरण दमौली | | | | अनुपस्थित |
| २५ | जल उत्पन्न प्रकोप नियन्त्रण का. पोखरा | | | | अनुपस्थित |
| २६ | पर्यटन कार्यालय, पोखरा | | | | अनुपस्थित |
| | **सरकारी कार्यालय जम्मा** | **१९१६१८०** | **१७४१८८९** | ९०.९० | |
| | **गैसस तथा संघसंस्थाहरु** | | | | |
| १ | लमजुङ उद्योग वाणिज्य संघ | २५०७ | २५०७ | १०० | |
| २ | चेस नेपाल | ६१४९ | ६१४९ | १०० | |
| ३ | ग्रामीण सामुदायिक विकास केन्द्र | ३६६५१ | ३३७५८ | ९२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | च्वाइस नेपाल | ४३१६३ | ३९१३५ | ९१ | |
| ५ | वर्ल्ड भिजन एडिपी | २६३४ | २६३४ | १०० | |
| ६ | समाज उत्थान सा. संस्था | १३०० | १३०० | १०० | |
| ७ | महिला आपसी सहयोग केन्द्र भोटेओडार | ५९०३ | ४२५६ | ७२ | |
| ८ | समग्र विकास सेवा केन्द्र | १४६९ | १४६९ | १०० | |
| ९ | जनचेतना अ. तथा विकास अ. समिति | ५५८८३ | ५५८८३ | १०० | |
| १० | स्क्यान नेपाल | २२३० | २२०९ | ९९ | |
| ११ | नेपाल रेडक्रस सोसाइटी | ५४००१ | ५४००१ | १०० | |
| १२ | लक्ष्मी नारायण सामुदायिक पुस्तकालय | २१९१ | २१९१ | १०० | |
| १३ | आदर्श महिला बाल विकास केन्द्र | २३६३ | १७५४ | ७४ | |
| १४ | ग्लोवल एक्सन नेपाल | ५१८८ | ५१८८ | १०० | |
| १५ | लि बर्ड | १७९८ | १७९८ | १०० | |
| १६ | ग्रामीण शसक्तिकरण समाज दमौली | ३७९२७ | २७०४७ | ७१ | |
| १७ | हरियो वन कार्यक्रम | ४३७४ | ४३७४ | १०० | |
| १८ | शिलषा कार्यक्रम | २४४६ | २४४६ | १०० | |
| १९ | जिल्ला खेलकुँद विकास समिति | ८७०० | ८७०० | १०० | |
| २० | महिला शक्ति विकास केन्द्र नेपाल | ८९५ | ७४७ | ८३ | |
| २१ | अपांग संरक्षण समाज | १६०१ | १६०१ | १०० | |
| २२ | पास नेपाल | १०१९ | १०१९ | १०० | |
| २३ | सेर्सोक | ४०९१ | ३४४२ | ८४ | |
| २४ | एभरेष्ट लर्निङ एकडेमी | ३८८ | ३८८ | १०० | |
| २५ | सर्वोदय सेवाश्रम | | | | बजेट उल्लेख नभएको |
| २५ | कम्युनिटी एक्सन नेपाल | | | | अनुपस्थित |
| २६ | गरिवी निवारण कोष | | | | अनुपस्थित |
| २७ | बेसीशहर खापा उ समिति | | | | अनुपस्थित |
| २८ | गोरखा वेयलफेयर स्किम | | | | बजेट पेश नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | लमजुङ सीप विकास प्रतिष्ठान | | | | अनुपस्थित |
| ३० | Kathmandu Int. Study Center | | | | अनुपस्थित |
| ३१ | वन श्रोत अध्ययन तथा कार्य समुह नेपाल | | | | अनुपस्थित |
| | **गैसस तथा संघसंस्थाहरु जम्मा** | २८४८७१ | २६३९९६ | ९२.६७ | |
| | **कुल जम्मा** | २२०१०५१ | २००५८८५ | ९१.१३ | |

## निर्णय नं २ :

यस समीक्षा गोष्ठीमा प्रस्तुत भएका विवरणहरुको आधारमा गत आवमा जिल्लामा हासिल भएका मुख्य मूख्य उपलब्धीहरु निम्नानुसार रहेको जानकारी भयो ।

१. जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरी पुर्ण सरसफाई रणनीतिक योजना तयार पारिएको ।
२. १५ देखि ६० वर्ष सम्मको साक्षर जिल्ला घोषणा गरिएको ।
३. जिविसको कार्यालयमा E.attendence, अडियो नोटिस, group sms प्रणाली अबलम्बन गरी फ्रि वाइफाई जोन बनाइएको ।
४. संयुक्त अनुगमन कार्य मार्फत उपभोक्ता समुहहरुलाई पृष्ठपोषण दिइएको ।
५. बेसीशहर नगरपालिकाको सडक यातायात गुरुयोजना तयार भएको ।
६. गाविस र नपाहरुको आन्तरिक आयमा बृद्धि भएको ।
७. सुन्दरबजार नपाले सार्वजनिक तथा सरकारी जग्गाको लगत तयार गरेको ।
८. सिंचाई डिभिजन कार्यालयले तीन वटा सिंचाई आयोजना सम्पन्न गरी ३६२ हेक्टर सिंचाई सुविधा विस्तार गरेको ।
९. लमजुङ जिल्लामा भवन डिभिजन कार्यालय रहने व्यवस्था भएको ।
१०. तथ्यांकहरुको प्रमाणीकरण र बस्तुगत आधारमा अनुदान निकासा गरिएको, EMIS सुदृढीकरण र विश्वसनीय शैक्षिक सुचनाहरुको प्रयोग तथा सामाजिक परिक्षणलाई व्यवस्थित गरिएको ।
११. अपांगता भएका व्यक्तिहरुको लागि महिला तथा बालबालिका कार्यालयमा हेल्प डेस्क स्थापना भएको ।
१२. आव २०७१।७२ मा ३० हेक्टर जग्गामा अलैंची खेती विस्तार भएको । ३३ वटा अलैंचीको नर्सरी स्थापनामा सहयोग पुगेको । २० वटा अलैंची भट्टीको स्थापना भएको ।
१३. दूध ८ मे.टन, मासु १० मे.ट उत्पादन भएको र अण्डामा आत्म निर्भर भएको ।
१४. जिल्लाका द्वन्द्व प्रभावित बालबालिकाहरुको तथ्यांक तयार भएको ।
१५. जिविस र गाविसबाट गरी ४६ किमी ट्रयाक खोलिएको, १९.८ किमी सडक ग्राभेल गरिएको ।
१६. जेष्ठ नागरिक, एकल/विधवा महिला, अपांगता भएका र ५ वर्ष मुनिका दलित बालबालिका गरी कुल २०३०२ जनालाई सामाजिक सुरक्षा भत्ता रु १२ करोड २७ लाख १४ हजार वितरण गरिएको ।
१७. जिविसबाट कुल २९३० जनालाई विभिन्न सिपमूलक तथा सचेतनामूलक तालिम सञ्चालन गरिएको ।

## निर्णय नं ३

स्थानीय निकाय, विषयगत कार्यालय तथा संघसंस्थाहरुले आव ०७१।७२ मा ब्यहोर्नु परेका प्रमुख समस्या तथा चुनौतीहरु देहाय वमोजिम रहेको जानकारी भयो ।

१. योजना तथा कार्यक्रम कार्यान्वयनको लागि युवा तथा दक्ष जनशक्तिको कमी हुनु ।
२. जिविसको योजना संख्या अत्याधिक हुँदा गुणस्तर कायम गर्न नसकिएको, अनुगमन गर्न कनिनाइ भएको ।
३. दक्ष प्राविधिक जनशक्तिको कमी, समयमै योजना संझौता हुन नसक्नु तथा कार्यान्वयनमा ढिलाइ हुने ।
४. उपभोक्ता समितिले सञ्चालन गर्ने योजनाहरुमा जनसहभागिता नजुट्ने तथा अपनत्वको कमी ।
५. लक्षिततर्फको योजना छनौट र कार्यान्वनमा जटिलता हुनु ।
६. बेसीशहरमा कर्मचारीको पदपूर्ती हुन नसक्दा सेवा प्रवाहमा कठिनाई भएको ।
७. योजना सञ्चालन हुने उच्च कार्यचापको समयमा विनाशकारी भूकम्पका कारण योजना सञ्चालनमा असर पुगेको ।
८. विभिन्न क्षेत्रगत तथा गुरुयोजनाहरुको कमी रहेको ।
९. नपामा बस्ती विकास योजना बन्न नसकेको ।
१०. रा.मोहोरिया गाविसमा खानेपानीका २० वटा स साना स्किमहरु भएको हुँदा जनसहभागिता जुटाउन कठिन भएको ।
११. निर्माण व्यवसायीहरुबाट समयमै कार्य हुन नसकेको ।
१२. योजना सम्पन्न हुने गरी बजेट विनियोजन हुन नसकेको ।
१३. प्रावितहमा ओभर स्टाफिङ र निमावि तथा माविहरुमा संख्यात्मक तथा विषयगत शिक्षक दरबन्दी कमी हुनु
१४. भूकम्पका कारण १००० भन्दा बढी कक्षाकोठाहरु भत्किएर नपुगको अवस्थामा शिक्षण सिकाई प्रभावित भएको ।
१५. प्राथमिकता प्राप्त व्यवसायिक बालीहरुमा कृषकको माग अनुसार बजेट विनियोजन गर्न नसकिएको ।
१६. कृषकहरुमा अनुदानमुखी सोच हावी हुनु । स्वलगानीमैत्री सोच कम हुनु ।
१७. दुर्गम स्थानमा वन पैदावरको चोरी निकासी, भालु /चितुवा /बाँदरको आतंक बढेको वन्यजन्तुको उद्दारमा समस्या केहि सामुदायिक वनमा विवाद वढेको ।
१८. भू संरक्षणको दृष्टिकोणले जिल्ला सम्बेदनशील भएता पनि आवश्यक बजेट र जनशक्ति पर्याप्त नभएको ।
१९. बालअधिकारको उल्लंघनकर्तालाई कानुनी दायरामा ल्याउन चुनौती रहेको ।
२०. गाविस सचिवहरुमा अत्याधिक कार्यबोझ रहेको तथा गाविसको कार्यालय भवन नरहेको हुंदा कार्य सम्पादनमा कठिनाई रहेको ।

## निर्णय नं ४

यस समीक्षा गोष्ठीका सहभागीहरुबाट निम्नानुसारका सुझावहरु प्राप्त भयो :

१. स्रोत परिचालन गर्न सवैको क्षमता बृद्धि गरिनु आवश्यक छ ।
२. जनताहरुको जिवनस्तर उकास्ने खालका योजना छनौट गरी तरकारी, फलफुल र पशुपालनमा जस्ता कार्यक्रम सञ्चालन गरिनुपर्छ ।
३. जिम्मेवारी लिएर बसेका कार्यालय प्रमुखहरुले नयाँ नयाँ कार्यक्रम बनाई यस जिल्लाको विकास अन्य जिल्ला भन्दा अगाडि देखाउनु पर्‍यो ।
४. योजना सञ्चालन परिणाममुखी भन्दा प्रक्रियामुखी भएको हुँदा अव परिणाम निकाल्ने खालको हुनुपर्छ ।
५. योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यकंन गरिने परम्परा पुरानो ढाँचाको भएको हुदा नयाँ तरिका अपनाउनु पर्छ ।
६. अव आर्थिक वर्ष २०७२/०७३लाई बजेट कार्यान्वयन वर्षको रुपमा हेरी सबै योजनाहरु सम्पन्न गरिनुपर्छ ।
७. उपभोक्ता समितिहरुले के के प्रकृया पुरा गर्नु पर्नु हो उपभोक्ता समितिलाई अभिमुखिकरण तालिम सञ्चालन गरिनुपर्‍यो ।

८. योजनाहरु कागजमा मात्र पास भएर हुदैन । कार्यान्वयनमा समेत देखिनुपर्छ ।

९. बिशेष जिल्ला परिषद् बोलाएर योजनाहरुमा छलफल गरी आवश्यक योजनाहरु पुन छनौट गरिनुपर्‍यो ।

१०. गैससहरुको कार्यक्रम तथा बजेट पारदशी हुनुपर्छ ।

११. जिविसले समयमै लागत इष्टिमेट तयार गर्ने, समयमै उपभोक्ताहरुलाई खबर गरी संभ्कौता गर्नु पर्छ साथै उपभोक्ता समितिहरुलाई तालिम दिनु पर्‍यो ।

१२. राजनैतिक दलका प्रतिनिधिहरुले योजना छनौटको शैलीमा सुधार गर्नु पर्छ ।

१३. उपभोक्ता समितिहरुले पेश्की नपाउदाँ ठूला योजना सञ्चालन गर्न समस्या परेको हुदा आउदा दिनहरुमा पेश्की दिने परम्पराको शुरुवात गरिनुपर्छ ।

१४. दुर्गम गाविसका उपभोक्ता समितिहरुलाई लागत बढी लाग्ने हुँदा योजना सञ्चालन गर्न निकै समस्या परेको छ । जिल्ला दररेट भूगोलको आधारमा अलग अलग हुनु पर्‍यो ।

१५. योजना छनौटदेखि कार्यान्वयन सम्म राजनैतिक दलका प्रमुखहरु सहभागी हुने हुंदा योजनाहरु प्रभावकारी बनाउने तर्फ राजनीतिक दलहरुले ध्यान दिनु पर्छ ।

१६. योजनाहरुको कार्यान्वयन समय देखि फरफारक नहुदा सम्म प्रविधिकहरुको सहयोग आवश्यक पर्नेमा प्राविधिकहरुको उपस्थिति नै कमी भयो ।

१७. छुवाछुत मुक्त गाविस घोषणा गरिनु पर्‍यो ।

१८. आवाधिक जिल्ला विकास योजनाले लिएका लक्ष्य तथा उद्देश्यहरु पुरा गर्ने गरी सवै सरकारी कार्यालय तथा गैरसरकारी संघसंस्थाहरुले कार्य गर्नु पर्‍यो ।

१९. वैदेशीक रोजगारीमा जाने युवाहरुलाई व्यवसायीमुखि वनाउदै गाँउमा नै रोजगारको कार्यक्रम ल्याउन पर्‍यो ।

२०. यस जिल्लामा पशुपालन सम्वन्धी कुन व्यवसाय गरेमा जिल्लालाई आत्मर्निभर गराई बाँकी उत्पादन छिमेकी जिल्लाहरुमा निर्यात गर्न सकिन्छ सोको व्यवसाय गर्न युवालाई प्रेरित गरिनु पर्‍यो ।

२१. यस जिल्लाको माटो अनुसार कस्तो बालि लगाउदा फाईदा हुन्छ कृषि कार्यालयले सहजीकरण गरिदिनु पर्‍यो ।

२२. सबै सरकारी बिद्यालयमा अग्रेजी माध्यमद्धारा पढाउने कार्यक्रम ल्याईएको छ तर सबै शिक्षक समान क्षमताका हुन नसक्दा भ्कन् अप्ठेरो भएको छ । नेपाली माध्यमबाटै पनि सिकाइ उपलब्धी हासिल गर्न सकिन्छ ।

२३. स्वास्थ्य चौकि र उप-स्वास्थ्य चौकीमा सरकारले निशुल्क उपलब्ध गराएका औषधीहरु पाउनु पर्‍यो ।

२४. लमजुङ जिल्ला सामुदायिक अस्पतालले जिल्ला सरकारी हस्पिटलले दिनेसेवा सरह निशुल्क सेवा दिनु पर्‍यो ।

२५. नगरपालिका भित्र बाटो अत्यन्त साँगुरो छ । बाटो बिस्तार बारे नगरपालिकाको मापदण्ड तयार गर्नु पर्‍यो ।

२६. गैह सरकारी सघंसंस्थाले सम्बन्धीत सरकारी कार्यालयसंग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्नु पर्‍यो ।

## निर्णय नं ५

यस समीक्षा गोष्ठीमा प्रस्तुत भएका प्रगति विवरण तथा प्राप्त सुभ्काव समेतका आधारमा आगामी दिनमा अघि बढ्नको लागि देहाय वमोजिम गर्ने निर्णय गरियो ।

१. सरकारी कार्यालय तथा संघसंस्थले प्रक्रियाका अलावा परिणाम र उपलब्धीतर्फ केन्द्रित हुने गरी कार्यक्रम सञ्चालन गर्ने । समीक्षा गर्दा पनि उपलब्धी र प्रतिफलतर्फ केन्द्रित हुने ।

२. अधिकांश योजना तथा कार्यक्रमहरु आर्थिक वर्षको अन्तमा सञ्चालन हुने र खर्च समेत आ.व.को अन्तमा हुने परिपाटीको अन्त्य गर्दै समयमा नै योजना तथा कार्यक्रमहरु सञ्चालन गरी समयमै सम्पन्न गर्नेतर्फ विशेष ध्यान दिने ।

३. योजना छनौट र कार्यान्वयन गर्दा सहभागितात्मक जिल्ला विकास योजना तर्जुमा प्रक्रिया पार गरी आएका एवम् आवधिक जिल्ला विकास योजना र उपलब्ध क्षेत्रगत योजनालाई विशेष ध्यान दिई समयमै छनौट गर्ने ।

४. बजेट विनियोजन गर्दा क्रमागत योजनाहरुलाई सम्पन्न हुने गरी बजेट विनियोजन गर्न प्राथमिकता दिने । मर्मत सम्भार र अत्यावश्यक बाहेक टुक्रे योजनामा बजेट नछर्ने ।

५. उपभोक्ता समिति गठन गर्दा श्रोत परिचालन कार्यविधिमा व्यवस्था भए अनुसार समयमै गठन गरी योजना संझौता गर्नेतर्फ ध्यान दिने र आगामी दिनमा उपभोक्ता समितिहरुलाई योजना शुरु हुनु अगावै योजना सञ्चालन बारे अभिमुखीकरण तालिम प्रदान गर्ने ।

६. सडक लगायतका पूर्वाधार निर्माण कार्यमा सकेसम्म मेसिनको प्रयोग नगर्ने । गर्नै पर्ने भएमा प्राविधिकको सल्लाहमा जिविसको स्वीकृतिमा गर्ने ।

७. योजना सञ्चालनका सवै चरणहरुमा सुपरीवेक्षण, अनुगमन तथा मूल्यांकन गर्ने । संयुक्त अनुगमन समितिले औंल्याएका विषयहरुलाई ध्यानमा राखी कार्य सञ्चालन गर्ने ।

८. जिविस, विषयगत कार्यालय,गैसस तथा सम्वन्धित गाविसबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्न गाविसहरुलाई निर्देशन दिने ।

९. संरचना निर्माण गर्नुपर्ने पूर्वाधार निर्माणका कार्यहरुमा उपभोक्ता समितिको क्षमता पुग्न नसक्ने स्थितिमा निर्माण व्यवसायीहरुबाट गर्ने कुरामा प्राथमिकता दिने ।

१०. लक्षित वर्गको कार्यक्रम सञ्चालन गर्दा उनीहरुको आवश्यकतालाई ध्यानमा राखी आय आर्जन र व्यवसायमुखी बनाउने तर्फ केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने ।

११. आर्थिक वर्ष २०७२/०७३लाई बजेट कार्यान्वयन वर्षको रुपमा हेरी कार्य गर्ने ।

१२. कृषि, पर्यटन तथा अन्य आय आर्जन कार्यक्रम सञ्चालन गर्दा युवाहरुलाई आकर्षित गर्ने ढंगले कार्यक्रम सञ्चालन गर्ने ।

१३. स्थानीय विकास निर्माणका कार्यहरु गर्दा वातावरणमैत्री तवरले सञ्चालन गरी दिगो विकासको अवधारणालाई आत्मसात गर्ने ।

१४. सार्वजनिक सुनुवाईमा नागरिकहरुले उठाएका विषयहरु तर्फ ध्यान दिंदै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने । साथै सेवाग्राहीहरु प्रति सम्मानपूर्वक सेवा प्रदान गरी सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउने ।

### निर्णय नं ६ :

यस बार्षिक प्रगति समीक्षा गोष्ठीमा अनुपस्थित हुने सरकारी कार्यालयहरुको हकमा सम्बन्धीत मन्त्रालय र विभागमा ध्यानाकर्षण गराउने र गैससहरुको हकमा जिविसबाट गैसस नविकरण सिफारिश नगर्ने निर्णय गरियो ।

### निर्णय नं ७

जिविसको आव ०७१।७२ मा गरिएको आव २०७०।७१ को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा जिल्ला विकास समिति लमजुङ न्युनतम शर्त मापनमा अनुतिर्ण रहेको तथा कार्यसम्पादन मापनमा ६५ अंक प्राप्त गरेको जानकारी भयो । साथै उक्त मापन कार्यमा जिल्लास्थित सवै ५७ गाविसहरु उतिर्ण भएको जानकारी गराइयो । साथै आगामी दिनमा न्यूनतम शर्त मापनमा सफल भई उच्चतम अंक प्राप्त हुने गरी कार्य गर्ने ।

### निर्णय नं ८

गैससहरुले कार्यक्रम सञ्चालन गर्दा जिविस, सम्बन्धीत विषयगत कार्यालय र गाविसहरुसंग समन्वय गरी सञ्चालन गर्नेतर्फ विशेष ध्यान दिने । साथै गैससहरुले कम्तिमा ४० प्रतिशत रकम पूर्वाधार (hardware) तर्फका कार्यक्रमहरुमा विनियोजन गर्नु पर्ने ।

### निर्णय नं ९ :

गाविसबाट उठ्ने कर, दस्तुर र सिफारिश शुल्क वापतको आम्दानीलाई पारदर्शी र व्यवस्थित गर्नको लागि गाविसबाट बार्षिक रुपमा रसिद नियन्त्रण खाताको व्यवस्था गरी नियमानुसार रसिद काटी अभिलेख राख्ने व्यवस्था मिलाउन गाविसलाई निर्देशन दिने ।

**निर्णय नं १० :**
योजना तथा कार्यक्रमहरुको दोहोरोपाना (duplication)लाई व्यवस्थित गर्ने सन्दर्भमा हरेक ३।३ महिनामा जिविसले सरकारी कार्यालय र गैससहरुको बीचमा समन्वय बैठकको आयोजना गर्ने । साथै गैससहरुबाट सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन गर्ने ।

**निर्णय नं ११ :**
आ.व. २०७१।७२ को बार्षिक कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने तथा यस समीक्षा गोष्ठीमा उपस्थित हुनुहुने माननीय सभासद्ज्यूहरु, सरकारी एवम् गैर सरकारी निकायहरु, राजनीतिक दलहरु, नागरिक समाज, पत्रकार एवम् बुद्धिजीवी लगायत सवै जिल्लाबासीहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**समापन कार्यक्रम**
माननीय सभासदहरु दिल बहादुर घर्ती, चन्द्र बहादुर कुँवर, जमिन्द्रमान घले, टुकाभद्र हमाल र लाल बहादुर गुरुङले व्यस्तताका कारण दोश्रो दिन उपस्थित हुन नसक्ने भन्दै पहिलो दिनको अन्तमा नै समापन मन्तव्य राख्नु भएको थियो । माननीय सभासद डा. श्री भिष्म अधिकारी भने अनुपस्थित रहनु भएको थियो । माननीयज्यूहरुले राख्नु भएका विचारहरु अनुसूची २ मा राखिएको छ ।

कार्यक्रमको दोश्रो दिन उपस्थित सवै कार्यालय तथा संघसंस्थाहरुको प्रगति विवरण प्रस्तुतीकरण पश्चात समापन कार्यक्रमको आयोजना गरिएको थियो । समापन कार्यक्रमको अध्यक्षता स्थानीय विकास अधिकारी श्री विष्णुप्रसाद शर्माले गर्नु भएको थियो । समापन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्रवण कुमार तिमिल्सिना, नेपाली कांग्रेसका उपसभापति कुल बहादुर घले, नेकपा एमालेका सचिव कृष्ण प्रसाद अधिकारी, एनेकपा माओवादीका अध्यक्ष पारसमणि पौडेल, नेकपा माओवादीका इन्चार्ज मोहनहरि पौडेल, राप्रपाका जिल्ला अध्यक्ष बालचन्द्र श्रेष्ठ, राप्रपा नेपालका सचिव राम बहादुर थापा र संघीय समाजवादीका अध्यक्ष पृथ्वीमान घलेले मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा सरकारी तथा गैर सरकारी संघसंस्थाका प्रमुख तथा प्रनिनिधिहरु र राजनीतिक दलका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । समापन कार्यक्रममा मन्तव्य राख्नु हुने महानुभावहरुले व्यक्त गर्नुभएका विचारहरु यथाशक्य जस्ताको तस्तै अनुसूची २ मा उल्लेख गरिएको छ । कार्यक्रमको अन्तमा स्थानीय विकास अधिकारी श्री विष्णु प्रसाद शर्माले सवैलाई धन्यवाद ज्ञापन र मन्तव्य राख्दै राती ७.१५ बजे दुई दिने समीक्षा गोष्ठीको समापन भएको जानकारी गराउनु भएको थियो ।

**—— समाप्त ——**

## *अनुसूचीहरु :*

***अनुसूची १ :***
कार्यालहरुको प्रस्तुतीकरणमा प्राप्त गत आवमा हासिल गरिएका उपलब्धी, समस्या तथा चुनौतीहरु र प्राप्त जिज्ञासा तथा सुझावहरु

***अनुसूची २ :***
समापन कार्यक्रममा माननीय सभासदज्यूहरु, राजनीतिक दल र प्रजिअ तथा स्थाविअले व्यक्त गर्नुभएका विचारहरु

***अनुसूची ३ :***
समीक्षा गोष्ठीको उपस्थिति

***अनुसूची ४ :***
विषयगत कार्यालय तथा गैससहरुको प्रस्तुतीकरणको विस्तृत विवरण

***अनुसूची ५ :***
समीक्षा गोष्ठीका तस्वीरहरु तथा पत्रपत्रिकामा छपिएका खबरहरु

***अनुसूची ६ :***
आमन्त्रण गरिएका कार्यालय तथा संघसंस्थाहरु र पत्र बुझेको भर्पाइ

*अनुसूची १ :*

**कार्यालहरुको प्रस्तुतीकरणमा प्राप्त गत आवमा हासिल गरिएका उपलब्धी, समस्या तथा चुनौतीहरु र प्राप्त जिज्ञासा तथा सुझावहरु**

## १. जिल्ला वन कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला वन कार्यालयका कार्यालय प्रमुख श्री चन्द्रमान डंगोल

### गत आवमा हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु :

- ४ वटा सामुदायिक वन हस्तान्तरण वाट १९५ घरधुरीका ११४९ जनसंख्या लाभान्वित र १८०.२६ हे. वन क्षेत्र व्यवस्थापन ।
- ११७,००० गोटा विरुवा उत्पादन भै वृक्षारोपणको लागि वितरण जारी ।
- ५ वटा कवुलियती वनबाट ६१ घरघुरीका ३०४ जनसंख्या लाभान्वित र क.व. क्षेत्रफल२१.१९ हे.
- ६९ वटा सामुदायिक वनको कार्ययोजना नविकरण
- क.व.स. हरुमा विभिन्न जातका आयमूलक, गैरकाष्ठ, फलफूलका १८,८५० र डालेघाँसका ८००० गोटा विरुवा रोपण ।
- १३ वटा क.व.मा अलैचि एउटा आम्दानीको स्रोत वनेको
- वन क्षेत्रको हैसियतमा सुधार भएको

### प्रमुख समस्या तथा चुनौतीहरु

- दरवन्दी अनुसार तल्लो स्तरका कर्मचारी न्यून रहेको र भैतिक पूर्वाधारको अभाव ।
- केहि सा.व.उ.स. मा उपभोक्ताहरु समावेश सम्वन्धी विवाद वढेको । सिमा विवाद रहेको, समुहमा निस्कृयता बढ्नु ।
- फर्निचर उधोग वाहेक अन्य गौहृकाष्ठ वन पैदावारमा आधारित लधु उद्यम न्यून हुनु ।
- कवुलियती वनमा नीतिगत अस्पष्टता हुनु ।
- दुर्गम स्थानमा वन पैदावरको चोरी निकासी ।
- भालु/चितुवा/वाँदरको आतंक बढेको वन्यजन्तुको उद्दारमा समस्या ।

### प्राप्त जिज्ञासा, प्रतिक्रिया तथा सुझावहरु

- जिल्ला वन कार्यालयले वितरण गरेका विरुवाहरुको अवस्था कस्तो रहेको छ ?
- हामी लक्ष्य अनुसार अगाडी बढेका छौ कि आवाधिक जिल्ला विकास योजनालाई नै र्बिसियौ ?
- खाली जमिनमा वृक्षारोपण गरी वन पैदावारमा बृद्धि गराउदै जीवनस्तरमा समेत परिर्वतन ल्याउन सक्ने केही नयाँ कार्यक्रम शुरुवात गर्न पाए निकै राम्रो हुन्थ्यो ।
- हिमाली भेकमा संरक्षण नभएको वनको अवस्था कस्तो छ ? दिनानु दिन बन फडानी हुदा समेत जिल्ला वन कार्यालयले कुनै चासो दिदैंन किन ?
- जल, जमिन र वन आदिवासिहरुको अधिनमा हुनुपर्नेमा जिल्ला वन कार्यालयले किन आफ्नो नियन्त्रणमा लिन्छ ?
- बाटो निर्माणको क्रममा ढालिएका काठहरु बेवारिसे अवस्थामा छन् । प्रकृया पुरा गराउदासम्म काठ सडेर गएका छन् ।

## २. जिल्ला भू-संरक्षण कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला वन कार्यालयका कार्यालय प्रमुख श्री महेश ढुंगाना

### हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु

- स्थानीय निकाय, उपभोक्ता समिति तथा सा.व.उ.स.संग कार्यक्रममा साझेदारी भएको ।
- उपजलाधार क्षेत्रको गाउंवस्ती एवं खेतवारी क्षेत्रको संरक्षण भएको ।
- स्थानीय स्तरमा भू-संरक्षणको सम्वन्धमा जनचेतना अभिबृद्धि भएको ।
- कार्यक्रममा महिलाहरुको सहभागिता उल्लेखनीय रुपमा भएको ।
- कार्यकम सञ्चालनमा व्यापक जनसहभागिता भएको ।

## समस्या र चुनौतीहरु

- भु-क्षयको दृष्टिकोणले जिल्ला संवेदनसील भएता पनि वजेट र जनशक्ति प्रयाप्त नभएको ।

## प्राप्त जिज्ञासा, प्रतिक्रिया तथा सुझावहरु

- विपन्न वर्ग भनिएको छ । विपन्न छुट्याउने आधार के हो ? वास्तविक विपन्न वर्गमा कार्यक्रम पुगेको छ कि छैन ?
- कोलेनिकाले अडिट गर्दा विपन्नतामा कार्यक्रम पुगेको आधारहरु हेर्ने गरेको छ कि छैन ?
- जिविसले तयार गरको विपन्नता नक्शांकनको आधारमा विषयगत कार्यालयले कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

## ३. जिल्ला कृषि विकास कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : बरिष्ठ कृषि विकास अधिकृत श्री तेज प्रसाद दवाडी

## आव २०७१।०७२ मा हासिल गरेका मुख्य-मुख्य उपलब्धीहरु

- ३८४ थान सिलपोलिन प्लाष्टिक वितरणबाट बेमौसमी तरकारी खेती विस्तार (२५ हेक्टर), ८० लाख बरावरको तरकारीको आन्तरिक खपत तथा आम्दानी, ।
- ३० वटा अलैंचीको नर्सरी स्थापना (३० के.जी. अलैंची विऊ, ७ वटा अलैचि भट्टी , ७ हेक्टर. क्षेत्र विस्तार, २५ लाख अलैंचीका विजू विरुवा उत्पादन) ।
- ४ वटा मिनी पावर टिलर, २ वटा पावर टिलर र ३ वटा डिस्क मिलको प्रयोगबाट बाली उत्पादन लागत घटी भई करिव ६५ कृषक घरधुरीले लाभ लिने ।
- १६५ वटा खाली मौरी घार र ३२ वटा मौरीसहित घार अनुदानमा वितरणबाट १.७२ मे.टन थप मह उत्पादनवाट करिव १०.५ लाख आम्दानी ।
- ४७५ रो. क्षेत्रफलमा सिचाईको सुविधा पुगेको र मूख्य रुपमा अलैंची र तरकारी खेती प्रवर्द्धनमा सहयोग पुग्ने । ६२.७२ हे. क्षेत्रफलको वाली सघनता २५% ले बृद्धि हुने ।
- उन्नत मकै विऊ प्रतिस्थापन ५१६ हेक्टर ।
- हाते ट्याक्टरको प्रयोगबाट करिव ६० घरधुरीको उत्पादन लागत करिव अनुमानित २० प्रतिशतले घट्ने र थेसर र मकै छोडाउने मेसिनवाट सुन्दरवजार नगरपालिकाका कृषकहरु लाभान्वित ।
- ५० हे. क्षेत्रफल तोरी खेती विस्तार ।
- ५० हे. क्षेत्रफलमा उन्नत विउ प्रतिस्थापन ।
- ८ हेक्टर क्षेत्रफल गरिएको विज बृद्धि कार्यक्रमबाट करिव ४.० मे.टन उन्नत बिऊको संकलन भएको ।
- तरकारी खेती ३० रोपनी, केरा २८ रोपनी र कफि १५ रोपनीमा विस्तार र मौरी घार १० वटा विस्तार ।
- २ वटा कफि पल्पिङ मेसिन, ३ वटा पावर टेलर, ४ वटा डिस्क मिल र १ वटा ठुलो ट्राक्टरको प्रयोगबाट करिव ११५ घरधुरीको बाली उत्पादन लागत करिव २० प्रतिशत घट्ने ।
- बार्षिक थप ०.४ मे.ट. मह उत्पादन ।
- माछा पोखरी क्षेत्र विस्तार २.५ रोपनी ।
- १७ वटा भकारोको सुधारबाट मल र मुत्रको संरक्षण र सदुपयोग भएको ।
- १५ रोपनी क्षेत्रफलमा अलैंची खेती विस्तार ।
- कुलो मर्मत र पाईप सिंचाईबाट करिव २५ रोपनी जग्गा बांझो हुन नपाएको ।
- बार्षिक थप ०.८ मे.ट. महको उत्पादन, उपभोग तथा विक्रि वितरण हुने ।
- १५ हेक्टर क्षेत्रफलमा उन्नत धान विउको प्रयोग ।
- करिव २ महिनाको लागि १२२ वटा घरधुरीबाट नियमित ताजा तरकारीको उपभोग ।
- थप ३३ वटा प्लाष्टिक घरभित्र गोलभेंडा खेती ।

- ५ वटा विद्युतीय कर्न थ्रेसर करिव १०० घरधुरीले प्रयोग गर्ने र मकै छोडाउने लागत खर्च करिव ७५ प्रतिशतले घट्ने र मकैको संरक्षणमा सहयोग पुग्ने ।
- भुकम्पबाट प्रभावित दुधपोखरी र विचौर गा.वि.स.मा लगाईएको धान र तरकारी बालीको उत्पादकत्वमा सुधार भई १०६० घरधुरी लाभान्वित हुने ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- प्रत्येक बर्ष खेत बाँझो रहने क्रम बढेको छ, यस्तो बाँझो खेतबारीहरुमा कुन प्रकारको खेती अपनाउनु पर्छ प्राविधिकले निर्णय गरिदिनु पर्‍यो ।
- रासायनिक मलको सट्टा प्राङगारिक मल प्रयोग गर्ने जानकारी दिनुपर्‍यो, यस जिल्लाको माटो अनुसार कस्तो बाली लगाउदा फाईदा हुन्छ ।
- कुन प्रकारको (जात)को धानको बिउबाट बढी उत्पादन गर्न सकिन्छ ।
- युवालक्षित तरकारी उत्पादन कार्यक्रम छ कि छैन यस्तो लक्षित कार्यक्रममा कृषकले भन्दा अन्य व्यक्तिले फाईदा पाएको त होईन ।
- कृषिमा अनुदान प्राप्त गर्ने व्यक्तिको अवस्था कस्तो छ ? कस्ता व्यक्तिहरुलाई अनुदान दिने गरिन्छ ?
- यस जिल्लामा ताजा तरकारी उत्पादनमा किन बृद्धि हुन सकेन ?

## ४. जिल्ला पशुसेवा कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला पशुसेवा कार्यालयका कार्यालय प्रमुख श्री प्रमुख डा.श्री दिर्घनाथ ढुंगाना

**गत आवमा हासिल गरेका प्रमुख उपलब्धीहरु**

- दुध उत्पादन वृद्धी -३.३ प्रतिशत
- बाखा श्रोत केन्द्रको विस्तार - २८ फर्म
- अण्डा र मासुमा आत्मा निर्भर
- घाँसको व्यवसायीक विस्तार -४.५ हेक्टर
- यूवाहरुको पशु पालनमा संलग्नतामा वृद्धी
- महामारी पशु रोग नियन्त्रण
- आम्दानी र रोजगारीमा वृद्धी
- उन्नत प्रविधि सम्वन्धी चेतनाको वृद्धी
- मासु पसल तथा डेरी उद्यमको स्तरोन्नती र वृद्धी
- पशु जन्य उद्योगमा लगानीमा वृद्धी

**समस्या तथा चुनौतीहरु**

- सफल तथा विस्तार गर्नुपर्ने कार्यक्रम
- पर्यटन संगै घुम्ती भेडा/बाखा/भैसी संरक्षण कार्यक्रम
- खर्क सुधार एवं संरक्षण र विकास
- यूवालक्षित बाखा/भेडा/वंगुर
- गाई भैसी फार्म स्थापनामा सहयोग
- मासु पसल विस्तार
- आवश्यक नयां कार्यक्रम, कार्यक्रम सञ्चालन तरिका आदिमा
- भुकम्प प्रभावित गा.वि.स.हरुमा विभिन्न आयआर्जनका कार्यक्रम
- भुकम्पका कारणले भत्केको गोठ/खोर पुन निर्माण कार्यक्रम

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- बाहुनडाडाँ गाउँ विकास समितिलाई किन डेरि कार्यक्रममा समावेश गरिएन आउदा दिनमा समावेश गर्न सकिदैन ?

- व्यसायीमुखि पशुपालन गरी आत्मर्निभर गर्ने युवाहरुको तथ्याकं जिल्ला पशुसेवा कार्यालयले खब्ने गरेको छ कि छैन ।
- वैदेशीक रोजगारिमा जाने युवाहरुलाई व्यवसायि मुखि वनाउदै गाँउमा नै रोजगारको कार्यक्रम ल्याउन पऱ्यो ।
- पैसा झाडीमा छ भन्ने सन्देशलाई विस्तार गरिनु पऱ्यो ।
- यस जिल्लामा पशुपालन सम्वन्धी कुन व्यवसाय गरेमा जिल्लालाई आत्मर्निभर गराई बाँकी उत्पादन छिमेकी जिल्लाहरुमा निर्यात गर्न सकिन्छ सोको व्यवसाय गर्न युवालाई प्रेरित गरिनु पऱ्यो ।

## ५. जिल्ला विकास समितिको कार्यालय,लमजुङ

प्रस्तुतकर्ता : स्थानीय विकास अधिकारी श्री विष्णु प्रसाद शर्मा

### आव २०७१।०७२मा हासिल गरेका प्रमुख उपलब्धीहरु

१. जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरी पुर्ण सरसफाई रणनीतिक योजना तयार पारिएको ।

२. १५ देखि ६० वर्षसम्मको साक्षर जिल्ला घोषणा गरिएको ।

३. जिविसको कार्यालयमा E-attendence, अडियो नोटिस, group sms प्रणाली अबलम्बन गरी फि वाइफाई जोन बनाइएको ।

४. संयुक्त अनुगमन कार्यमार्फत उपभोक्ता समुहहरुलाई पृष्ठपोषण दिइएको ।

५. जिविस र गाविसबाट गरी ४६ किमी ट्र्याक खोलिएको, १९.८ किमी सडक ग्राभेल गरिएको ।

६. जेष्ठ नागरिक, एकल/विधवा महिला, अपांगता भएका र ५ वर्ष मुनिका दलित बालबालिका गरी कुल २०३०२ जनालाई सामाजिक सुरक्षा भत्ता रु १२ करोड २७ लाख १४ हजार वितरण गरिएको ।

७. जिविसबाट कुल २९३० जनालाई विभिन्न सिपमूलक तथा सचेतनामूलक तालिम सञ्चालन गरिएको ।

८. वायो ब्रिकेट तालिम दिइएका ब्याक्तिबाट ब्यवसायिक उत्पादन शुरु भएको ।

९. अलैंची खेतीको ब्यवसायिक प्रबर्धनमा लगानी गरिएको ।

१०. प्रत्येक महिनाको १० गते नियमित पत्रकार भेटघाट र ३ गरे गाबिस सचिबको वैठक राख्ने गरिएको ।

### समस्या तथा चुनौतीहरु

- योजना तथा कार्यक्रम कार्यान्वयनको लागि युवा तथा दक्ष जनशक्तिको कमी हुनु ।
- जिविसको योजना संख्या अत्याधिक हुँदा गुणस्तर कायम गर्न नसकिएको, अनुगमन गर्न कठिनाई भएको ।
- दक्ष प्राविधिक जनशक्तिको कमी, समयमै योजना संझौता हुन नसक्नु तथा कार्यान्वयनमा ढिलाइ हुने ।
- उपभोक्ता समितिले सञ्चालन गर्ने योजनाहरुमा जनसहभागिता नजुट्ने तथा अपनत्वको कमी ।
- लक्षिततर्फको योजना छनौट र कार्यान्वनमा जटिलता हुनु ।
- योजना सञ्चालन हुने उच्च कार्यचापको समयमा विनाशकारी भूकम्पका कारण योजना सञ्चालनमा असर पुगेको ।
- उपभोक्ता समिति गठनमा जटिलता ।
- निर्माण ब्यवसायीमा ब्यवसायीकताको कमी ।
- विकासमा स्थानीयको अपनत्वको कमी ।
- जनसहभागिता नजुट्ने ।
- कानून वमोजिम जिल्लाले प्राप्त गर्नुपर्ने श्रोतमा पहुँच पुऱ्याउन नसकिएको ।
- योजना तर्जुमा र छनौट प्रक्रियालाई Evidence based बनाउन नसकिएको ।
- योजनाहरु दीगो विकासको अवधारणामा आधारित रहेर छनौट र सञ्चालन गर्न नसकिएको ।
- योजनाहरुको गुणस्तरीयता कायम गर्न नसकिएको ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- जिविसले प्राविधिकहरुलाई समयमा नै योजनाको ल.ई. तयार पारी उपभोक्ता समितिहरुलाई समयमा नै बोलाई योजना संझौता साथै तालिमको व्यवस्था गरिदिनु पर्‍यो ।
- योजनाहरुको कन्टेन्जेन्सी प्राविधिक कार्यमा नै खर्च गरी प्राविधिकहरुको समस्या समाधान गरिनुपर्छ ।
- योजना र्तजुमा गर्दा बैज्ञानिक तरीकाबाट योजना छनौट गरिनुपर्छ ।
- राजनैतिक दलका प्रतिनिधिहरुले योजना तर्जुमाको शैलीमा सुधार गरिनुपर्छ ।
- उपभोक्ता समितिहरुले पेश्की नपाउदाँ ठूला योजना सञ्चालन गर्न समस्या परेको हुदा आउदा दिनहरुमा पेश्की दिने परम्पराको शुरुवात गरिनुपर्छ ।
- दुर्गम गाविसका उपभोक्ता समितिहरुलाई योजना सञ्चालनगर्न निकै समस्या परेको छ ।
- त्यसैले अनावश्यक बिल भरपाई वनाउने परिपाटीको अन्त्य गरिनु पर्छ ।
- जलस्रोतको धनी जिल्ला भएर पनि आम्दानी प्राप्त गर्न नसकिएको हुदा आउदा दिनहरुमा आम्दानी बृद्धि गर्न पहल गरिनुपर्‍यो ।
- भुकम्पबाट वढी प्रभावित क्षेत्रमा २० प्रतिशत श्रमदना गनुपर्ने परम्पराको अन्त्य गरियोस् ।
- योजना छनौटदेखि कार्यान्वयनसम्म राजनैतिक दलका प्रमुखहरु सहभागि हुनेहुदा किन योजनाहरु प्रभावकारी हुन सकेनन् ।
- योजनाहरुको कार्यान्वयन समयदेखि फरफारक नहुदासम्म प्रविधिकहरुको सहयोग आवश्यक पर्नेमा प्राविधिकहरुको उपस्थिति नै कमी भयो ।
- छुवाछुतमुक्त गाविस घोषणा गरिनु पर्‍यो ।
- बेसीशहर-बाँझाखेत जोड्ने मोटरेवल पुल कहिले पुरा हुन्छ ?
- युवा साझेदारी कार्यक्रम सवै गाविसमा पुगेको छैन किन ?

## ६. पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं १ लमजुङ

प्रस्तुतकर्ता : कार्यालयका इन्जिनियर श्री विनोद पन्त

हासिल गरेका मुख्य मुख्य उपलब्धीहरु

- आ.व. ०६५।६६ देखि रहेको किरिञ्चे काँडाबेटे सम्पन्न गरी चुहानसम्म पानी सञ्चालन गरिएको र ५२ हे. मा सिंचाइ सुबिधा
- रामचोकफांट सि.यो., चितीको महत्वपुर्ण रहेको चित्रे भिरमा track opening तथा सोहि ठाउमा lining गर्न सफल
- पांग्रे हर्राबोट सि.यो., तार्कुघाटको चे. 6+000 सम्म पानी सञ्चालन गरी करिब २५० हे. जमिनमा सिंचाइ सुबिधा
- बांग्रेबसी सि.यो., बांग्रेको मुहान निर्माण गरी पानी सञ्चालन गरिएको
- राम्चेफाँट सि.यो., भुजुङमा नहर सम्पन्न गरी करिब 60 हे. मा पानी सञ्चालन

समस्या तथा चुनौतीहरु

- २०७२।०१।१२ गतेको बिनासकारी महाभूकम्पले गर्दा श्रमिक अभाव
- कार्यक्रममा भएका योजनाहरु लमजुङमा नहुनु
- मझौला अर्न्तगतका योजनामा low Bidding भएकोले निर्माण व्यवसायीले काम नगरी भागेको स्थीती
- नहर निर्माणमा जग्गाको समस्या

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- रम्घाटार सिचांई आयोजनाको अवस्था कस्तो रहेको छ ?

## ७. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : कार्यालयका इन्जिनियर श्री कमल अर्याल

**हासिल गरेका प्रमुख उपलब्धीहरु**

- खुल्ला दिसामुक्त जिल्ला घोषणा गर्न सफल भएको ।
- सरसफाई रणनीतिक योजना तयार भएको ।
- ४ वटा खानेपानी योजनाहरु सम्पन्न भएका ।

**मुख्य समस्याहरु**

- राइनास मोहरियाकोट खा.पा.आ.मा २० वटा स-साना स्किमहरु भएको, २ वटामा मुल विवाद, स-साना स्किम भएकोले जनसहभागिता जुटाउनमा कठिनाइ भएको ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- खानेपानी आयोजनाहरु सम्पन्न हुनै धेरै वर्ष लाग्ने हुँदा नयाँ योजना कहिले लिने ?

## ८. जिल्ला शिक्षा कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : जिल्ला शिक्षा अधिकारी श्री सुरेन्द्रराज पराजुली

**आव २०७१।०७२ मा हासिल गरेका प्रमुख उपलब्धीहरु**

- साक्षर जिल्ला घोषणा ।
- २० वटा बिद्यालयहरु गाभ्ने तथा १० वटा बिद्यालयहरु कक्षा घटाउने निर्णय र कार्यन्वयन ।
- कार्यशाला / अन्तरक्रिया /अवधारणा पत्र मार्फत जिल्लाको बस्तुगत स्थितिको समीक्षा गरी भावी कार्यदिशा निर्धारण ।
- तथ्याङ्कहरुको प्रमाणीकरण र बस्तुगत आधारमा अनुदान निकासा ।
- EMIS सुदृढीकरण र बिश्वशनीय शैक्षिक सूचनाहरुको प्रयोग ।
- परीक्षा र मूल्याङ्कन मार्फत गुणस्तर सुधारका श्रृङ्खलाबद्ध प्रयाश ।
- शैक्षिक उपलब्धिहरुको बिश्लेषण र लक्ष्य निर्धारण ।

**समस्या तथा चुनौतीहरु**

- प्राबितहमा Over staffing र निमाबि तथा माबितहमा संख्यात्मक तथा बिषयगत शिक्षक दरवन्दीको कमी ।
- गोर्खा भूकम्पका कारण १००० भन्दा बढी कक्षाकोठाहरु भत्किएर नपुगको अबस्थामा शिक्षण सिकाइ प्रभावित ।
- शैक्षिक उपलब्धिस्तर ५०५ भन्दा कमै रहेको अबस्था ।
- बिद्यालयहरु गाभ्ने, तह घटाउने र भौगोलिकता बीचको नमिल्दो सम्बन्ध ।
- अंग्रेजी माध्यमको शुरुवातसँगै बिद्यालयहरुमा पर्न गएको थप आर्थिक भार ।
- प्राज्ञिक बिषयहरुमा अभिभावकहरुको कम चासो ।
- एकीकृत र योजनाबद्ध शैक्षिक योजना निर्माणमा कमजोरी ।
- १०२ सञ्चालित बिद्यालयहरुमा शिक्षक ब्यबस्थापनको समस्या ।

- अभिभावक शिक्षाको व्यवस्था गरी क्षमता वृद्धि गर्न नसक्नु ।
- सवै विद्यालयहरुमा योग्य,दक्ष र नियमानुसारका प्रधानध्यापकहरुको व्यवस्था गर्न नसक्नु ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई विद्यावलयको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यकीय क्षमता विकास सहित प्रयोग गर्न नसक्नु ।
- कार्यक्रम तथा वजेट र अख्तियारी समयमा प्राप्त नहुनु ।
- विद्यालयको माग वमोजिम कम्प्युटर तथा पुस्तकालयका लागि अनुदान प्रदान गर्न नसक्नु ।

**समस्या समाधानका लागि गरिएका प्रयासहरु**

- साझा अवधारणाको निर्माण र कार्यान्वयनमा साझेदारिता ।
- प्राज्ञिक र शैक्षणिक पक्षहरुमा जोड ।
- वस्तुगत सूचनारसूचकहरुको अद्यावधीकरण र प्रभावकारी नियमन ।
- परीक्षा र मूल्याङ्कन प्रणाली मार्फत सुधारको श्रृङ्खलावद्ध प्रयास ।
- शैक्षिक सुशासनका लागि साझेदारी र योजनावद्ध प्रयास ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- विद्यालय घटाउने र गाभ्ने कुरा उल्लेख्य कार्यको सूचीबाट हटाउनु पर्छ। बाध्यता र विवशताले गर्दा त्यसो गर्नु परेको हो ।
- सरकारी विद्यालय प्रति अभिभावकहरु विश्वस्त नभएर नीजि विद्यालयमा गएका छन्। कसरी सुधार गर्ने योजना छ त ?
- जिल्ला शिक्षा कार्यालय नीजि विद्यालयप्रति बढी झुकाव राखेर कार्य गरेको आभाष भएको छ।
- उल्लेख्य कार्यहरु सञ्चार माध्यममा पनि प्रसारण र प्रकाशन गर्नु पर्ने ?
- शिक्षकहरु लामो समय विद्यालय उपस्थित हुँदैनन्। के कारवाही गर्न सकिंदैन ?
- गतबर्ष अनौपचारीक कक्षा सञ्चालन गर्ने प्रशिक्षकले पारिश्रमिक पाएनन् किन।
- सरकारी बिद्यालयमा बिभिन्न सघंसंस्थाले दिएको सामानहरुको प्रयोग भएको छ कि छैन अनुगमन गरिन्छ कि गरिन्न।
- अंग्रेजी माध्यममा आफैं राम्रोसंग बोल्न नजान्ने शिक्षकहरुले कसरी अंग्रेजी माध्यममा पढाउलान ?
- सामुदायिक अध्ययन केन्द्रलाई सहयोग गर्ने कार्यक्रम रहेछ। हामी पनि अध्ययन केन्द्र चलाउने संस्था हौं। तर यस बारेमा हामी आफैं अनभिज्ञ छौं।
- सामुदायिक अध्ययन केन्द्रको लागि तालिम कार्यक्रम रहेछ। किन कार्यक्रम हुन नसकेर फ्रिज भयो ?

## ९. जिल्ला जनस्वास्थ्य कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : बरिष्ठ जनस्वास्थ्य अधिकृत श्री सतिष विष्ट

**आव २०७१।०७२ मा हासिल गरेका प्रमुख उपलब्धीहरु**

- स्वास्थ्य संस्थामा प्रसुती गराउने महिलाको प्रतिशत ४८ पुगेको।
- गत आवमा साविकका १० गाविस पूर्ण खोप गाविस घोषणा भई कुल १९ गाविसहरु पूर्ण खोप गाविस घोषणा भै सकेका।

**समस्या तथा चुनौतीहरु**

- दरवन्दी अनुसार करीव २५ प्रतिशत पदहरु रिक्त

- कतिपय उपस्वास्थ्य चौकीहरुको भवन जीर्ण अवस्था र कोठाहरु अपर्याप्त भएकोले Birthing Centre विस्तार गर्न नसकिएको ।
- किशोरी अवस्थामा गर्भवती हुने दर उच्च । (२३%)

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- औषधीहरु निःशुल्क पाइने भन्ने छ । तर स्वास्थ्य चौकीमा औषधी भेटिएन । किन यस्तो हुन्छ ?
- जिल्लामा सरकारी अस्पताल आवश्यक पर्ने कि नपर्ने ? जिल्ला जनस्वास्थ्यले के पहल गरेको छ ।
- सबै विकासहरु कागमा मात्र हुने गरेको छ । फिल्डमा देखिदैन ।
- कार्यालयहरुले काम नियमित रुपमानै गर्नु भएको छ तर जनताले प्रत्यक्ष रुपमा उपलब्धी पाएको देखिदैंन ।

## १०. जिल्ला घरेलु विकास समितिको कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री नारायण गौतम

**हासिल गरेका उपलब्धीहरु**

- उद्यमी विकास कार्यक्रम र उद्योग प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।

**समस्या तथा चुनौतीहरु**

- विभिन्न लामो अवधीका तालिमहरु सञ्चालन गर्न श्रोतको कमी भएको ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- तालिम लिएका व्यक्तिहरु कहाँ कहाँ के के गर्दैछन ? यसको रेकर्ड छ ?
- तालिममा सहभागीहरु कसरी छनौट गरिन्छ ? कुन तालिम दिने भन्ने कसरी निर्णय हुन्छ ?
- पहुँच पुगेको एकपटक लिएको व्यक्ति पटक पटक सो सेवा पाई रहने भयो । तर थाहै नपाएको, सूचना नपुगेको नागरिकले सेवा नै नपाउने भयो ।

## ११. जिल्ला प्राविधिक कार्यालय, लमजुङ

प्रस्तुतकर्ता : सि.डि.ई. श्री खगेन्द्रप्रसाद दाहाल

**हासिल गरेका उपलब्धीहरु**

- तार्कुघाट गाविस भवन निर्माण कार्य सम्पन्न भएको ।

**समस्या तथा चुनौतीहरु**

- जिल्लाको आवश्यकता अनुसार वजेट विनियोजन नभएको ।
- आ.व.०७०।७१ मा जिल्ला परिषदबाट आ.व.०७१।७२ को स्वीकृत लक्ष र कार्यक्रम अनुसार वजेट ब्यवस्था नभएको ।
- अति न्यून वजेटका कारण योजना सकिने अवधी थाहा नहुने र निर्माण कार्य शुरु गर्न समस्या भएको ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- सूर्यपाल गाविसमा खोलै नभएको स्थानमा पूल निंमाण गरिएको छ, जिल्ला प्राविधिक कार्यालयले के गरेको हो ।
- जिल्ला प्राविधिक कार्यालयले प्रविधिक खटाउदा किन योजना नपरेको ठाँउमा खटाउने तर योजना परेको ठाँउमा भने समयमा नपठाउने किन ?

## १२. महिला तथा बालबालिका कार्यालय, लमजुङ (जिल्ला बालकल्याण समितिको समेत प्रस्तुती)

प्रस्तुतकर्ता : महिला विकास अधिकृत श्री दिपा घिमिरे

**हासिल गरेका प्रमुख उपलब्धीहरु**

- कार्यालयको लागि जग्गा प्राप्त हुनु ।
- महिला विकास कार्यक्रम सबै गा.वि.स., न.पा.मा विस्तार हुनु ।
- लैङ्गिक हिंसाका घटनाहरु समुदायस्तरबाट बाहिर आउने क्रम वढ्दै जानु ।

- महिलाहरुको शसक्तिकरणमा क्रमिक सुधार आउदै जानु ।
- महिलाहरु व्यसायिकतातर्फ उन्मुख हुँदै जानु ।
- घरायसी कामकाजमा पुरुषजनको सहयोग र समर्थन प्राप्त हुँदै जानु ।
- छोरा छोरी वीच गरिने विभेदमा न्यूनीकरण
- कार्यालयमा हिंसा सम्बन्धी निवेदन ४८ वटा परेका
- अपांगता भएका व्यक्तिहरुको लागि हेल्प डेक्स स्थापना भएको छ ।
- चालुकोष प्रदान विभिन्न संस्था समितिलाई रु.१३,३५,७००।-
- आफ्नै भवन भएका सहकारी संस्थाहरु - ६ वटा ।
- लैङ्गिक हिंसा सम्बन्धी ४८ वटा लिखित निवेदन कार्यालयमा परेका ।
- ९ जना हिंसा पिडितहरुको लागि यस वर्ष मात्र रु. ९०,३९९। आर्थिक सहयोग प्रदान गरिएको ।
- मानव बेचविखनबाट प्रभावितको लागि रु. ५,०००। कम्प्यूटर तालिमको लागि रु.९,०००। बराबरको सिलाई मेशिन उपलब्ध गराइएको ।
- विपदमा परेका बालबालिकाहरुलाई यस रु. ५०,०००। आर्थिक सहयोग गरिएको ।
- हालसम्म करिव ११००। जनालाई सीप तथा व्यवसायिकता विकास तालिम प्रदान गरिएको ।

## समस्या तथा चुनौतीहरु

- कार्यालयको आफ्नो भवन नहुनु ।
- दरवन्दी अनुसार कर्मचारी नहुनु ।
- महिला तथा बालबालिका कार्यालयलाई दिइएको जिम्मेवारी अनुसार कर्मचारीको दक्षता अभिवृद्धीतर्फ ध्यान दिन नसक्नु ।
- कार्यक्षेत्र अनुसार कार्यक्रम कम हुनु ।
- सिमित स्रोत साधनका कारण कार्यक्रमको प्रभावकारिताको लागि अनुगमन र मूल्यांकनमा कठिनाई ।
- समूह, समिति, संस्था गठनमा दोहोरोपना हुनु जसले गर्दा महिलाहरुलाई कार्यवोझ थपिएको, धेरै संस्थाहरुबाट ऋण लिने र अनुत्पादनमूलक कार्यमा खर्च गर्ने परिपाटी ।

## प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- जहाँ जग्गा प्राप्त गर्‍यौं भन्नु भएको छ त्यहाँको जग्गाको स्वामित्व के हो हेर्नु पर्छ । बाटोको एलाइन्मेण्ट मिलाइयो भने हुन सक्छ ।
- सार्वजनिक स्थानमा भवन बनाउने प्रक्रिया के हो ? सवै सार्वजनिक स्थानमा भवन बनाउँदै जाने हो भने विपद् आउँदा के गर्ने हो ?
- जिल्ला प्रशासन कार्यालयको पुरानो भवनमा मालपोत कार्यालय सार्ने र साविक मालपोत कार्यालयमा महिला बालबालिका कार्यालय राख्दा पनि हुन्छ ।
- जसरी हुन्छ महिला तथा बालबालिका कार्यालयलाई आफ्नो कार्यालय भवन आवश्यक छ । यो लमजुङको प्रतिष्ठा पनि हो ।
- महिलामाथि हुने हिंसा अन्त्य गर्नको लागि जिल्लामा योजना बनेको छ वा छैन ?
- बैदेशिक रोजगारले ल्याएको विकृति कसरी न्यूनीकरण गर्न सकिन्छ ? हामीले ध्यान दिनु पर्छ ।
- महिला तथा बालबालिका माथि पर्ने मर्का त यस कार्यालयले हेर्छ । पुरुष अन्यायमा परेको कसले हेर्छ ?

## १३. जिल्ला सामुदायिक अस्पताल, लमजुङ

प्रस्तुतकर्ता : अस्पताल निर्देशक डा. श्री  विष्णु विष्ट थापा

**हासिल गरेका प्रमुख उपलब्धीहरु**

- स्थानिय समुदायलाई जिल्लास्तरमा नै गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सफल ।
- निशुल्क स्वास्थ्य कार्यक्रम अन्तर्गत आर्थिक अभाव रहेका विरामीहरुलाई निशुल्क सेवा प्रदान ।
- राष्ट्रियस्तरको स्वास्थ्य तालिम केन्द्रको रुपमा स्थापित ।

**समस्या तथा चुनौतीहरु**

1. Limited Infrastructure to run existing services and add new programs.
2. Poor buildings condition due to earthquake
3. Canteen, Managed Emergency Unit, Store, Electricity & regular supply of drinking water.
4. High turn over of Technical staffs.
5. Limited allocation of Government Budget & reimbursement.

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- यस जिल्ला अस्पतालबाट निशुल्क पाइने औषधीहरु निशुल्क रुपमै पाउनु पर्‍यो ।

## १४. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङ

प्रस्तुतकर्ता : निमित्त कार्यालय प्रमुख .श्री शम्भु चापागाईं

**हासिल गरेका प्रमुख उपलब्धी**

**समस्या तथा चुनौतीहरु**

- स्वीकृत दरवन्दी अनुसार कर्मचारी पदपुर्ति नहुनु ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्रको संख्या बढाउनु पर्‍यो ।

## १५. भवन डिभिजन कार्यालय, गोरखा

प्रस्तुतकर्ता : इन्जिनियर श्री प्रदिप खनाल

## १६. ग्रामीण तालिम केन्द्र, सिम्पानी

प्रस्तुतकर्ता : कार्यालय प्रमुख श्री बद्रिनाथ सापकोटा

## १७. बेसीशहर नगरपालिका

प्रस्तुतकर्ता कार्यकारी अधिकृत श्री युवराज अधिकारी

**हासिल गरेका प्रमुख उपलब्धी**

- नगरपालिकाको सस्थागत क्षमता अभिवृद्धीको लागि स्वीकृत कार्यक्रम अनुसार १ वटा मोटरसाईकल, १ वटा जीप (Scorpio), १ वटा व्याक हो लोडर र १ वटा वारुणयन्त्र (दमकल) खरिद भई सञ्चालनमा आएको ।
- नगरस्तरीय सडक यातयात गुरुयोजना (MTMP) तयार भएको ।
- आन्तरिक आयमा उल्लेख्य वृद्धी भएको । (पहिलो वर्ष १७ लाख प्राप्त भएकोमा दोस्रो वर्षमा १ करोड १७ लाख प्राप्त भएको ।
- आयोजना सञ्चालनतर्फ ६०/४० लागत सहभागिताको अवधारण अनुसार केही ठुला आयोजनाहरु अन्तर्गत सडकहरु कालो पत्रे, भवन निर्माण, नाली निर्माण लगायतका कार्यहरु सम्पन्न भएका ।
- भवनसंहिता वमोजिम घरहरुको नक्सा पास भएको । साथै सडकहरुको मापदण्ड र नामाकरण भएको ।
- सवै वडाहरुमा वडा नागरिक मञ्च गठन भई क्रियाशील भएका । साथै टोल सुधार समितिहरु समेत गठन भएका ।
- वातावरणमैत्री स्थानीय शासन कार्यक्रम लागू भई वातावरण संरक्षण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन भएका ।
- वेसीशहर नगरपालिकाको वडा नं. ८ देखि १२ सम्मको घरहरुको मेट्रिक सिस्टममा आधारित हाउस नम्वरिङको लागि घरहरुको सर्भे सम्पन्न, नम्वर प्लेट खरिद भई प्लेटमा नम्वर छपाईको कार्य चलिरहेको ।

- नगरपालिका भवन निर्माण योजना वाहेक अन्य योजनहरुको भौतिकतर्फ १०० प्रतिशत प्रगति भएको ।

## समस्या तथा चुनौतीहरु

- नगरपालिका कार्यालयको आफ्नै जग्गा नभएको र उपयुक्त जग्गा समेत प्राप्त हुन नसकेकोले भवन निर्माणको लागि विनियोजन भएको रु १ करोड खर्च हुन नसकेको ।
- पदपुर्ती समितिको गठन हुन नसकेकोले कर्मचारी पदपुर्ती प्रकिया शुरुवात हुन नसकेको ।
- योजना सञ्चालनमा जनश्रमदान जुटाउन कठिन भएको ।
- वजेट कार्यक्रम तथा अख्तियारी घटेर प्राप्त भएकोले नगर परिषदवाट स्वीकृत भएका आयोजनाहरु सञ्चालन गर्न कठिनाई भएको ।
- योजना सञ्चालन हुने उच्च कार्यचापको समयमा भुकम्प जाँदा भुकम्प पिडितहरुको लगत संकलन तथा राहत वितरणमा धेरै समय खर्चनु पर्दा योजनाहरु सञ्चालनमा असर गरेको ।
- कर्मचारीको पदपुर्ती हुन नसक्दा सेवा प्रवाह गर्न कठिनाई भएको ।
- नगरपालिकाको गठन पश्चात योजना, विकास तथा सेवा प्रवाह प्रति जनताको अधिक अपेक्षा रहेको र सो अनुसार कार्य गर्न नगरपालिकासँग श्रोत र साधनको कमी भएको ।
- कार्यालयको आफ्नै भवन नभएको (हाल कार्यालय रहेको घर सेवाग्राहीमैत्री नभएको) ले सेवा प्रवाह गर्न कठीनाई भएको ।

## प्राप्त सुझावहरु तथा जिज्ञासाहरु

- नगरपालिका भित्र बाटो अत्यन्त साँगुरो छ बाटो बिस्तार बारे नगरपालिकाको के नीति नियम रहेको छ ।
- सडकको मापदण्ड अनुसार सडक कालोपत्रे गरिएको छैन किन ?
- घरहरुको छतहरुबाट बीच सडकमा पानि खसालिएको छ तर यसको अनुगमन नगरपालिकाले गरेको जस्तो लाग्दैन किन ? नगरपालिकाभित्र सडकपेटीहरुमा तरकारी तथा फलफूल बेच्ने फूटपाथे पसल राखिएको हुँदा यसको व्यवस्थापन गरिनु पर्छ ।
- बेसीशहर नगरपालिकामा किन पदपूर्ती समिति गठन गरिएन ।
- बेसीशहर नगरपालिका झिगेखोलामा सडकको मापदण्ड विपरित घर र्निमाण गरिएको छ यो कसको अनुमतिले निमार्ण गरिएको छ ।

## १८. सुन्दरबजार नगरपालिका

प्रस्तुतकर्ता कार्यकारी अधिकृत श्री सुकदेव लम्साल

### हासिल गरेका प्रमुख उपलब्धी

- सार्वजनिक जग्गाहरुको लगत कायम: सार्वजनिक एवं सरकारी जग्गा छानवीन गरी प्रतिवेदन पेश गर्ने समिति गठन गरी लगत एकीन गरिएको ।
- सुपरीवेक्षण तथा अनुगमन समिति गठन: सुपरीवेक्षण तथा अनुगमन समिति गठन गरी सम्पूर्ण योजनाहरुको अनुगमन गर्ने पद्धतिको शुरुवात गरिएको ।
- सामाजिक परिचालन: (क) १० वटा वडामा वडा नागरिक मञ्च गठन गरिएको ।
- ५ वटै नागरिक सचेतना केन्द्रहरुलाई क्रियाशिल गराई न.पा.को सबै नासकेलाई उत्कृष्ट एवं नमूना ना.स.के.को रुपमा स्थापित गरिएको ।
- न.पा.को सबैभन्दा तल्लो सहयोगी संस्थाको रुपमा ७५ वटा टोल विकास संस्थाहरु गठन गरी टोल/टोलमा विकास प्रतिको उर्जा,उत्साहा र जागरणको संचार गरीएको ।
- वातावरण मैत्री स्थानीय शासन नगर समन्वय समिति गठन गरी नगरलाई बनाउन PFM पेश गरिएको ।

- कर प्रशासनमा सुधारः परम्परागत कर प्रणालीलाई प्रतिस्थापन गरी प्रथम नगरपारिषदको निर्णय अनुसार एकीकृत सम्पत्ति करको दर निर्धारण गर्न मूल्यांकन समिति गठन गरी मूल्यांकन समितिले गरेको सिफारिशका आधारमा सर्वदलीय सहमती गरी एकीकृत सम्पत्तिकरको कार्यान्वयन अगाडी बढाइएको ।
- सफ्टवेयरमा आधारित आन्तरिक आय र समग्र लेखा व्यवस्थापन प्रणाली अवलम्वन गरिएको ।
- फोहोरलाई स्रोतमै बर्गीकरण गरी फोहोर उत्सर्जनमा न्यूनीकरण ल्याउने प्रयास गरिएको एवं फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने टिप्पर खरिद गरिएको ।
- कार्यालयलाई आधारभूत रुपमा आवश्यक पर्ने फर्निचर, कम्प्यूटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, स्क्यानर, आदि खरिद गरिएको, कार्यालय भवनको मर्मत सुधार गरी करदाता मैत्री कार्यालय एवं सेवाग्राही मैत्री लेआउट निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने प्रयास गरिएको ।
- सम्पन्नता स्तरीकरण सम्पन्न गरिएको ।
- १४ वटै वार्डको Resource Map तयार गरिएको जसको आधारमा समानुपातिक र समतामूलक विकासको अवधारणा अगाडी वढाइने ।
- पदपुर्ति समिति गठन गरी पदपुर्तिको कार्य द्रुतगतिमा अघि बढिरहेको ।

## समस्या तथा चुनौतीहरु

- कर्मचारी समय छईन्जेल नखट्ने, समयले नेटो काट्तै गएपछि काम हुनुभन्दा कागज मिलाउने कामलाई प्राथामिकता दिने ।
- पाईला चालेपछि T.A. चाहि हाल्ने ।
- उपभोक्ता समितिसँग सम्झौता हुनासाथ उनिहरुलाई प्रक्रियागत बिषयमा अन्तरयामी मान्ने ।
- पहिल्यै तालीम दिनेतर्फ ध्यान केन्द्रित नगर्ने, भुक्तानीका समयमा यो भएन र त्यो भएन भनि दुखः दिई राख्ने आम परिपाटी ।
- समयमा ईष्टिमेट नगर्ने ।
- उपभोक्ता, ठेकेदार, राजनीतिक दलमाथि दोष थुपार्न माहिर ।

अन्य

- वस्ती विकास योजना, सडक गुरुयोजना, कृषि गुरुयोजना पर्यटन गुरुयोजना आदिको क्षेत्रगत गुरुयोजना निर्माण गरी योजना बद्ध विकासको शुरुवात गर्नुपर्ने ।
- वातावरण मैत्री स्थानीय शासनः वाताबरण मैत्री स्थानीय शासन कार्यक्रमको बजेट कार्यान्वयन गरी वातावरणमैत्री टोल, वडा र नगर घोषणा गर्नु गराउनु पर्ने ।
- कर्मचारीहरुको अभावमै सम्पूर्ण कार्य समयमै सम्पन्न गर्नुपर्ने, चुस्त र छिटो छरितो सेवा प्रवाह गर्नुपर्ने समस्या एव चुनौतिहरु ।
- लगत कायम भएका सार्वजनिक र सरकारी जग्गा र सोमा बनेका भवनहरुको संरक्षण, भवन, पसल, कवल आदिलाई न.पा.को आम्दानीको दायाराभित्र ल्याउने ।

## १९. शान्ति समिति

**प्रस्तुतकर्ता : सचिव किरण लामिछाने**

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- शान्ति समितिमा कति जना सदस्यहरु छन् ? सवै दलको प्रतिनिधित्व छ कि छैन ?
- २ बटा नगरपालिकामा शान्ति समिति गठन गर्दा रु.४०,०००/- खर्च देखियो यो कस्तो खर्च हो ।

## २०. नेपाल टेलिकम, लमजुङ

प्रस्तुतकर्ता : कार्यालय प्रमुख सुवास न्यौपाने

**हासिल गरेका प्रमुख उपलब्धी**

- सुन्दरबजार र भोटेओडारमा अप्टिकल फाइवरबाट सेवा सञ्चालन गरिएको ।
- विनाशकारी भूकम्पले क्षति पुर्‍याएको गौंडा, भलायखर्क र नाल्मामा सञ्चालित जिएसएम विटएसहरु पुनस्थापना गरिएको ।
- बेसीशहरको DTM Base मा आधारित PSTN Exchange लाई CUT Over गरी IP Based मा आधारित Exchange जडान गरिएको ।

**प्राप्त सुझावहरु तथा जिज्ञासाहरु**

- टेलिकमको कार्यक्षेत्र लमजुङ मात्र हो कि अन्य जिल्ला पनि हेर्नुपर्छ ?
- नेपाल टेलिकमले भई रहेको पिच बाटो भत्काई के गर्न खोजेको हो ।
- बाटो पिच गर्नु पूर्व टेलिकमले के हेरेको थियो ?

### २१. अन्नपूर्ण संरक्षण क्षेत्र आयाोजना

प्रस्तुतकर्ता :- कार्यालय प्रमुख राजेश प्रसाद गुप्ता

## गैससहरुको प्रस्तुतीकरण

### १.कोपाडेस

प्रस्तुतकर्ता :- कार्यक्रम संयोजक श्री बिजय गुरुङ

**प्राप्त जिज्ञासा, प्रतिकृया तथा सुझाबहरु :-**

- राहत कार्यक्रममा सामानको मुल्यभन्दा ढुवानी खर्च बढी देखिन्छ ।

### २. नेपाल रेडक्रस सोसाइटी,लमजुङ

प्रस्तुतकर्ता :- कार्यक्रम अधिकृत श्री जगत तामाङ

**प्राप्त जिज्ञासा, प्रतिकृया तथा सुझाबहरु :**

- अडियो भिडियो कसका लागि बनाईयो ?

### ३.उद्योग बाणिज्य संघ,लमजुङ

प्रस्तुतकर्ता :-उद्योग बाणिज्य संघका अध्यक्ष राम कुमार श्रेष्ठ

-शान्ति समितिमा कतिबटा राजनैतिक दल समावेश गरिएको हुन्छ ।

### ४. पास नेपाल, लमजुङ

प्रस्तुतकर्ता :-कार्यक्रम अधिकृत श्री बिजया न्यौपाने

**प्राप्त जिज्ञासा, प्रतिकृया तथा सुझाबहरु :**

-सवै गाविसमा तपाईहरुको कार्यक्रम लगिनुपर्‍यो ।

### ५.जिल्ला खेलकुद समिति,लमजुङ

प्रस्तुतकर्ता :-कार्यालय प्रमुख श्री पूर्णप्रसाद अधिकारी

**प्राप्त जिज्ञासा, प्रतिकृया तथा सुझाबहरु :**

- असंगठित समुहले सञ्चालन गरेका खेलकुदको विवरणको प्रगतिमा उल्लेख गर्दा राम्रो हुन्छ ।
- जिल्ला खेलकुद समितिमा राजनैतिक दलहरु बाट कति-कति सदस्यहरु रहने परम्परा रहेको छ ?
- जिल्ला खेलकुद समिति के गरेर बसेको छ ?
- कुनै पनि खेलका प्रशिक्षक जिल्लामा ल्यईदैन किन ?

### ६ ली-बर्ड

प्रस्तुतकर्ता :-कार्यक्रम संयोजक रिता गुरुङ

**प्राप्त जिज्ञासा, प्रतिकृया तथा सुझावहरु :**

- ली-वर्ड कार्यक्रम घनपोखरा गाविसमा मात्र सञ्चालन गरिने कार्यक्रम हो ।
- ली-वर्ड कार्यक्रमले भौतिक पूर्वाधारको कार्यक्रम सञ्चालन गरिदैन किन ?
- घनपोखरा गाविसमा ली-वर्ड जस्तो कार्यक्रम चलेको छ तर यसले भौतिक पूर्वाधार कार्यक्रम सञ्चालन गर्दैन तर अन्य संघसंस्थाले यस गाविसलाई ली-वर्ड कार्यक्रम चलेको छ भनि भन्ने गरेका छन् ।

### ७.वर्ल्ड भिजन एडिपि,लमजुङ

प्रस्तुतकर्ता :-कार्यक्रम संयोजक श्री रेनुका ठकुरी

**प्राप्त जिज्ञासा, प्रतिकृया तथा सुझावहरु :**

- कति जनाले व्यवसायिक रुपमा काम गरेका छन् ?
- वैशेदिक रोजगारमा जान छाडी व्यसायिक रुपमा काम गर्नेको तथ्याकं सुनाउन पर्‍यो तरकारी खेतीबाट यस जिल्लालाई आत्मर्निभर गराउने कार्यक्रम सञ्चालन ल्याउन पर्‍यो ।
- गैह सरकारी सघंसंस्थाले सरकारी कार्यालयसगं सहकार्य गरी कार्यक्रम सञ्चालनका गर्नु पर्छ ।
- समन्वय, पारदर्सिता, अनुगमन जस्ता काम भएनन् ।

### ८.शिलषा, लमजुङ

प्रस्तुतकर्ता :-प्रमुख, केशव अधिकारी

### ९.महिला शक्ति विकास केन्द्र

प्रस्तुतकर्ता :-क्षेत्रिय संयोजक चिजा गुरुङ

### १०. ग्रामिण सामुदायिक विकास केन्द्र

प्रस्तुतकर्ता :-राजेन्द्र बोहोरा

### ११. ग्लोवल एक्सन नेपाल

प्रस्तुतकर्ता :-जिल्ला संयोजक सृजना विक

### १२. सर्वोदय सेवाश्रम

प्रस्तुतकर्ता :-अध्यक्ष कृष्णराज ओलिया

### १३. महिला आपसी सहयोग केन्द्र

प्रस्तुतकर्ता :-कार्यक्रम संयोजक विष्णु चिलुवाल

### १४. स्क्यान नेपाल

प्रस्तुतकर्ता :- अध्यक्ष भोज बहादुर रिमाल

### १५. समग्र विकास सेवा केन्द्र

प्रस्तुतकर्ता :-कार्यक्रम संयोजक रुद्रराज कोइराला

### १६. आदर्श महिला तथा बाल विकास केन्द्र

प्रस्तुतकर्ता :कार्यक्रम प्रमुख हुमा गुरुङ

### १७. एभरेष्ट लर्निङ एकडेमी

प्रस्तुतकर्ता :- अध्यक्ष आनन्द पाण्डेय

### १८. हरियो वन

प्रस्तुतकर्ता :-कार्यक्रम संयोजक कौशिला अबाल

### १९. लक्ष्मीनारायण पुस्तकालय

प्रस्तुतकर्ता :-कार्यक्रम संयोजक दिपक अधिकारी्

### २०. अपांग संरक्षण समाज

प्रस्तुतकर्ता :-कार्यक्रम संयोजक सुनिता ढुंगाना

### २१. च्वाइस नेपाल

प्रस्तुतकर्ता :- कार्यक्रम निर्देशक किरण न्यौपाने

### २२. चेस नेपाल

प्रस्तुतकर्ता :-कार्यकारी अधिकृत अशोक सापकोटा

### २३. सोकोड नेपाल

प्रस्तुतकर्ता : अध्यक्ष पशुपति न्यौपाने

### २४. सेर्सोक :

प्रस्तुतकर्ता : कार्यक्रम संयोजक विजय त्रिपाठी

### २५. ग्रामीण सशक्तिकरण समाज दमौली

प्रस्तुतकर्ता : मिनि.मिड.ई. सन्तोष ओझा

*अनुसूची २ :*

## समापन कार्यक्रममा माननीय सभासदज्यूहरु, राजनीतिक दल, प्रजिअ र स्थाविअज्यूले व्यक्त गर्नुभएका विचारहरु

**माननीय सभासद श्री दिल बहादुर घर्ती**

- यस जिल्लाको विकासले यहाँका जनताहरुको जीवनस्तरमा बृद्धि पुग्ने खालका योजना छनौट गरी तरकारी, फलफुल र पशुजन्य उत्पादनमा बृद्धि हुने जस्ता कार्यक्रम सञ्चालन गरिनुपर्छ ।
- यस जिल्लामा उत्पादन गरिएको खाद्यन्यले यसै जिल्लालाई आत्मनिर्भर गराई बढि भएको खाद्यान्य अन्य जिल्लामा निर्यात गर्न सकिने खालका कृषि व्यवसायहरु सञ्चालन गरिनुपर्छ ।
- समग्र जिल्लाको हितहुने खालका योजनाहरु समान रुपमा कार्यान्वय गरिनुपर्छ ।
- संविधान निर्माणको विषयमा अन्तिम बहस भईरहेको छ ।
- दलहरुबीच संविधान निर्माणका विषयमा १६ बुँदे सहमती गर्दा आठ प्रदेश बनाउने उल्लेख भएपनि सुझाव संकलन पछि ६ प्रदेशको सिमाङ्कन गरिएको हो ।
- दलहरुबीच दर्शन फरक फरक भएपनि गणतन्त्र संस्थागत गर्न एक जुट भएर लागि परेको अवस्था हो ।

**माननीय सभासद श्री चन्द्र बहादुर कुँवर- लमजुङ क्षेत्र नं २**

- ६ बटा गाविसहरुलाई मात्र भुकम्प प्रभावित गाविस  घोषणा गरिएपनि भुकम्पले सबै गाविसलाई क्षति पुऱ्याएको छ ।
- जिम्मेवारी लिएर बसेका कार्यालय प्रमुखहरुले नयाँ-नयाँ कार्यक्रम बनाई यस जिल्लाको विकास अन्य जिल्लाभन्दा अगाडि देखाउनु पऱ्यो ।
- यस जिल्लाका राजनैतिक दलहरुको अत्यन्त राम्रो एकता भएको हुदा कार्यालयका कर्मचारीहरुले पनि विकास निमार्णका कार्यहरुमा राजनैतिक दलहरुलाई सहयोग गर्नुपऱ्यो ।
- कर्मचारीतन्त्र निश्पक्ष भएर चल्न नसकेको देखिएको छ ।
- शुद्ध कर्मचारी भएर काम गर्न आग्रह छ । पार्टीको आडमा बजेट दुरुपयोग नगर्न चेतावनी ।
- कर्मचारीतन्त्रबाट भएका गलत कार्य थाहा नपाएको नसोच्न आग्रह ।
- लमजुडे नागरिकले देखाएको भद्रतालाई उपेक्षा नगर्न आग्रह ।

**माननीय सभासद श्री जमिन्द्रमान घले- लमजुङ क्षेत्र नं १**

- विगत आर्थिक वर्षहरुमा केही राम्रा काम भएका थिए राम्रा कामहरुलाई निरन्तरता दिदै कमि कमजोरीलाई सुधार गरिनु पदर्छ ।
- योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यकंन गरिने परम्परा नै पुरानो भएको हुदा नयाँ तरिका अपनाउनु पर्छ ।
- यस आर्थिक वर्ष २०७२/०७३ लाई बजेट कार्यान्वयन वर्षको रुपमा हेरी सबै योजनाहरु सम्पन्न गरिनुपर्छ ।
- उपभोक्ता समितिहरुले के के प्रकृया पुरा गनपर्नु हो, उपभोक्ता समितिलाई अभिमुखिकरण तालिम **सञ्चालन** गरिनुपऱ्यो ।
- उपभोक्ता समितिले गर्न नसक्ने काम निमार्ण व्यवसायीलाई दिने व्यवस्था गरिनुपऱ्यो ।
- सरकारी तथा गैरसरकारी कार्यालयको कार्यशैली परिवर्तन आवश्यक रहेको छ ।
- बजेट फ्रिज नगरी प्रभावकारी योजना कार्यान्वयन गर्न आफुले सहयोग गर्न तयार रहेको उहाँको भनाई छ । जिविसका पुर्व सभापती समेत रहनुभएका घलेले योजना संझौताको समयसिमा तोक्नुपर्नेमा जोड दिनुभयो ।

**माननीय सभासद श्री टुका हमाल**

- जिल्ला विकास समितिको न्युनतम शर्त तथा कार्यसम्पादन मापनमा फेल हुनाको कारण के हो ? कसको जिम्मेवारीका कारण फेल भएको हो ? त्यसको जिम्मेवारी सवैले लिनुपर्छ ।
- आउंदा वर्षहरुमा जिल्ला विकास समितिको न्युनतम शर्त तथा कार्यसम्पादन मापनमामा उत्कृष्ट्र भई पुरस्कृत बन्नुपर्छ ।
- एक गाँउ एक उत्पादनका निम्ति योजना छनौट गरी कार्यान्वयन गरिनु पर्छ ।

- लमजुङको विकास निर्माणमा सबैले ध्यान दिनुपर्ने छ ।

**माननीय सभासद श्री लालबहादुर गुरुङ**

- सेवाग्राहि जनताहरुलाई बिना भेदभब सेवा उपलब्ध गरिनु पदर्छ ।
- योजनाहरु कागजमा मात्र पास भएर हुदैन । कार्यान्वयनमा समेत देखिनुपर्छ ।
- कार्यान्वयनमा आएका योजनाहरुको रकम निकासा नभएको पाईन्छ । जनताले अत्यन्त दु:ख पाएको महशुस गरियो ।
- मुलुक नै फेल भएको अवस्थामा लमजुङ कसरी पास हुन्छ । कागजमा मात्र पास भएर हुँदैन । धेरै प्रत्रिया पुरा गरेर योजना निर्माण गर्छौं तर लागु गर्न असफल भएका छौं ।

**श्री कुल बहादुर घले, उपसभापति नेपाली काग्रेस**

- जिल्लामा प्राप्त वजेट बाँडफाँड गर्दा कुनै योजनाहरुले वजेट प्राप्त नगर्ने तर वजेट फ्रिज हुने गर्दछ । बजेट फ्रिज भएर जाने परम्पराको अत्य गरिनुपर्‍यो ।
- सरकारी बिद्यालयको अवस्था सुधार नहुदा बालबालिका निजि बिद्यालय पठाउने नाउमा गाँउहरु खालि हुने हुदा सरकारी बिद्यालयको अवस्था सुधार गरिनुपर्‍यो ।
- कार्यक्रम सञ्चालन गर्दा कहाँ कहाँ कमजोरीहरु भए अगामि दिनहरुमा सुधार गरिनुपर्छ ।
- यस वार्षिक प्रगति समिक्षा गोष्ठीमा उपस्थित नहुने कार्यालयहरुलाई कारबाही गरिनुपर्छ ।
- गाविसका सचिवहरु गविसमा नजाने परम्पराको अन्त्य गरिनुपर्छ । गुनासो सुनिन्छ ।
- योजना सञ्चालन गर्दा पेश्की नदिने व्यवस्थाले योजना कार्यान्वयनमा जटिलता देखिएको छ । यसको व्यवस्थापन गर्नु जरुरी छ ।

**श्री कृष्णप्रसाद अधिकारी, सचिव, नेकपा एमाले**

- योजना छनौटका १४ चरण पार गरी आएका योजनाहरु कार्यान्वयन पश्चात अनुगमन गर्न जादाँ केही उपयोगी देखिएनन् ।
- धेरै प्रकृया पुरा गरेर हामी यो चरणसम्म आई पुगेका छौं । हामीले योजना छनौट गर्दा धेरै सपना बुनेका थियौं तर सोचे अनुसार हुन सकेको पाईएन ।
- गैर सरकारी संस्थाहरुलाई विषयगत कार्यालयहरु मार्फत जिल्ला विकास समिति मार्फत जानु पर्नेमा जिविसले आयोजना गरेको कार्यक्रममा सहभागी हुने र नहुने गैरसरकारी संस्थाहरुलाई पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्ने ।

**श्री पारसमणी पौडेल, अध्यक्ष, एनेकपा माओबादी**

- गैह सरकारी सघंसंस्थाका कर्मचारीहरु आफ्नो प्रस्तुतीकरण पश्चात कार्यक्रमको समापनसम्म बसी अरुको कुरा सुन्ने बानीको विकास गरिनुपर्‍यो ।
- बिशेष जिल्ला परिषद् बोलाएर योजनाहरुमा छलफल गरी आवश्यक योजनाहरु पुन छनौट गरिनुपर्‍यो ।
- गैर सरकारी संस्थाहरुको मात्र अध्यक्ष तथा व्यवस्थापकहरुलाई छुट्टै भेला राखेर योजना तथा वजेट निर्माण गर्नु पर्ने । एकिकृत विकासका लागि योजनाहरु निर्माण गर्नु पर्नेछ ।
- विशेष जिल्ला परिषद छिट्टै राखी योजना संशोधन गर्नु पर्ने ।

**श्री मोहनहरी पोडेल, इन्चार्ज, नेकपा माओवादी**

- योजनाहरुको होडिङ्गबोर्ड नहुदा सबै सेवाग्राहीले योजनाको बारे जानकारी पाएनन् ।
- गैह सघंसंस्थाको लेखा परीक्षण कसले गर्दछ ?
- बालश्रम नियन्त्रण गर्ने क्रममा यातयात, होटल, इट्टाभट्टीमा काम गरेका बालबालिकाको अवस्था के हुन्छ ।
- सरकारी तथा गैर सरकारी संस्थाहरुले गरको कार्य तथा प्रगती राम्रो देखिन्छ तर गाउँमा जाँदा समस्या उस्तै देखिन्छ ।
- रिजल्ट वेस तथा आवश्यकताका आधारमा योजना छनौट तथा वजेट विनियोजन स्थानीय निकायले गर्न पाउनु पर्ने । गैर सरकारी संस्थाहरुको लेखापरीक्षण कसले गर्ने हो स्पष्ट हुनु पर्ने । गैर सरकारी संस्थाहरु धार्मिक तथा राजनैतिक पक्षधरका रुपमा कार्य गरेको देखियो ।

- उपभोक्ता समितिले पाउनु पर्ने अनुदान रकमबाट कन्टेन्जेन्सी कट्टा गर्ने गरिन्छ । छुट्टै दैनिक भ्रमण भत्ताको व्यवस्था हुँदा पनि उपभोक्ताले पाउने रकमबाट कट्टा गरिनु नहुने ।
- वालश्रम न्यूनीकरणका सम्वन्धमा यसको लागि नीति वनाउनु पर्ने ।
- सरोकारवालाहरुलाई थाहा नदिई उपभोक्ता समिति गठन गर्ने तथा योजनाको सूचना पार्टी समेत नराखेकोले सरोकारवालाहरुलाई वजेट कहाँवाट आएको र कसरी खर्च गरिन्छ भन्ने कुरा थाहा नहुने गरेको छ ।

**श्री बालचन्द्र श्रेष्ठ,अध्यक्ष, राप्रपा**

- नगरप्रमुखले कहाँ के काम गर्नुपर्ने हो सो कुराको जानकारी गराई निष्पक्ष बनि काम गरिदिन आग्रह ।
- आर्थिक वर्ष २०७२/७३ को वजेट विनियोजन गर्दा बिषेश ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।
- सरकारको दरो निती तथा निर्देशन नभएकोले योजनाहरु कार्यान्वयन तथा सम्पन्न हुन नसकेको देखिन्छ । आगामी आ.व.को वजेट तथा कार्यक्रमहरुलाई सम्पूर्ण कार्यालयहरुले निष्पक्ष रुपले सम्पादन गर्नु पऱ्यो ।

**श्री रामबहादुर थापा, सचिव, राप्रपा नेपाल**

- देखा परेका गल्ती कमजोरी सच्याँउदै आगामी दिनमा नयाँ तरिकाबाट योजना छनौट गरिनुपर्छ ।
- योजना छनौट गर्दा राप्रपा नेपाललाई समावेश गरिदैन किन ?
- यस्तो समिक्षाले आगामी वर्षको योजना छनौट र कार्यान्वयनमा सहयोग पुऱ्याने छ ।

**श्री पृथ्विमान घले, अध्यक्ष, संघिय समाजवादी**

- जातिय समस्याको अध्यान गरी त्यसको अत्य गरिनु पर्छ ।
- समाजको परिवर्तन गर्नका निम्ति जनजाति, दलित, महिला, पिछडा वर्गहरुको योजनाहरुलाई प्राथमिकता दिनुपर्छ ।
- सत्ता परिवर्तन हुँदैमा मुलुकको परिवर्तन हुँदैन । कर्मचारी भनेको स्थायी सरकार हो । कर्मचारीहरुले सही ढंगबाट काम गर्नु पर्दछ ।

**श्रवणकुमार तिमिल्सिना, प्रमुख जिल्ला अधिकारी**

- सरकारी तथा गैर सरकारी संस्थाको अनुपस्थिती हुनुमा तिनीहरु जनता समक्ष जवाफदेही नभएकोले उनीहरुलाई यसको दायरा भित्र जिविसले ल्याउनु पर्ने देखिन्छ ।
- समीक्षा गोष्ठीमा अनुपस्थित हुने सरकारी कार्यालय तथा गैर सरकारी कार्यालयलाई के कारवाही गर्नु पर्ने हो जिविसलाई सहयोग गर्न तयार छु ।
- यस जिल्लाको मुख्य सम्भावना जलश्रोत, पर्यटन, कृषि भएको हुँदा सोही क्षेत्रको योजनालाई प्राथमिकता दिनु पर्छ ।
- आगामी वर्षहरुमा असोज महिनादेखि नै उपभोक्ता समितिहरुलाई बोलाई योजना सम्झौता गरिनु पर्छ ।
- गाविस सचिवहरु गाउँमा नबस्ने परिपाटीको अन्त गरिनुपर्छ ।
- गाउँमा सञ्चालित आयआर्जन कार्यक्रमको पनि अनुगमन गरिनु पर्छ ।
- वर्ष भरी गरिएका काम कार्यवाहीहरुबाट के के सिकियो र कस्तो समस्याहरु आई परे भन्ने वारे जानकारी भयो । हाम्रो खर्च गर्ने र गरिएका कामहरुको गुणस्तर राम्रो हुन सकेको छैन ।
- साना साना योजनाहरुले लमजुडको सम्वृद्धि हुन सक्दैन यसतर्फ पनि सोच्नु पर्ने समय आएको छ । जलविद्युत र पर्यटनको क्षेत्रमा पनि ध्यान दिनुपर्ने देखिन्छ ।
- आगामी वर्षबाट उपभोक्ता समितिबाट काम गराउँदा असोजमसान्त भित्रै योजना संझौता र कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।
- योजनाहरुको प्रभाव मुल्याँकन गर्नुपर्ने । योजना तथा कार्याक्रमहरु दोहोरोपना भएकोले यसको रोकथाम गर्नुपर्ने देखिन्छ ।
- भुकम्पबाट क्षतविक्षत लमजुडका पुर्ननिर्माण तथा निर्माणमा सवै विकाससंग सम्वन्धित निकायहरु एकजुट भएर जानुपर्ने देखिन्छ ।

**बिष्णुप्रसाद शर्मा, स्थानीय विकास अधिकारी**

- यस जिल्लामा २ अर्व भन्दा बढी खर्च गरिएको छ तर त्यसको प्रतिफल देखाउन सकिने अवस्था देखिएन । यस्तो परम्पराको अत्य गरिनुपर्छ ।
- अहिलेको विकासको मोडेल, संरचना तथा प्रवृत्तिलाई परिवर्तन नगरीकन विकासको प्रतिफल प्राप्त गर्न सकिन्न ।
- यस जिल्लाको समृद्धिको लागि सही क्षेत्रमा लगानी गर्नु आवश्यक छ ।

- स्रोतको कमी छैन तर स्रोत परिचालन गर्न हाम्रो क्षमता अभिवृद्धि गर्नु पर्दछ ।  जिल्लास्तरीय वार्षिक जनता प्रति जवाफदेही नभई जिल्लास्तरीय समिक्षा गोष्ठीमा सहभागी नहुने सरकारी कार्यालयको हकमा सम्वन्धित मन्त्रालय र विभागमा लेखी पठाउने तथा गैर सरकारी संस्थाहरुको नविकरणमा जिविसले शिफारिस नगर्ने प्रतिवता ।
- हाम्रो विकाससंग सम्वद्ध सवै संघसंस्थाहरु तथा राजनितीक दलहरुवीच समन्वय गर्नु पर्दछ । यस वर्ष हामी भाद्र महिनामा प्रविधिक ल.ई. गरी सक्ने, असोज महिनामा योजना संभ्कौता र कार्तिक महिनामा उपभोक्ता समितिलाई तालिम दिई अगाडी बढिनेछ ।
- सरकारी तथा गैरसरकारी संस्थाहरुको कार्यक्रम सफ्टवेयर भन्दा हार्डवयरतर्फ केन्द्रित हुनु पर्ने देखिन्छ ।